बागीभूगोल
THE BAGEE BHOOGOL WEEKLY

पुनः तपाईहरूकै सेवामा
केही समयदेखि सेवा अवरुद्ध भएको अनमोल सुनचाँदी पसलले पुस २३ गते देखि हेटौंडा-१० बासुदेव मार्ग (वडा कार्यालय पछाडि) बाट सेवा आरम्भ सुरु गरेको जानकारी गराउँदछौं।
अनमोल सुनचाँदी पसल
हेटौंडा-१०, बासुदेव मार्ग
सम्पर्क: ०५७-५२७०४८, ९८५५०६९१४८

◆वर्ष: १ ◆अंक: १७ ◆पूर्णाङ्क: १७ ◆२०८२ माघ १८ गते आइतबार ◆Sunday, 01 Feb. 2026 ◆ने.सं. ११४६ ◆पृष्ठ:८ ◆मोल: नेरु. १०

# हेटौंडाका उम्मेदवारको भरियाबाट उन्मुक्ति

## पालिकापिच्छे उम्मेदवार, युवापुस्ताको बलियो हस्तक्षेप


महेश बर्तौला
कैलाश
नेकपा एमाले


लवशेर विष्ट
थाहा
नेकपा


प्रशान्त उप्रेती
मनहरी
रास्वपा


बुद्ध लामा
मकवानपुर
कांग्रेस


डा. प्रवीण स्याङ्तान
राक्सिराङ
उनेपा


राम घलान वाटर
मनहरी
माओवादी


रामबहादुर थोकर
कैलाश
राप्रपा


सन्तोष विष्ट
थाहा
प्रलोपा


शुभराज प्रजा
मकवानपुर
संनापा

*आमनिर्वाचन २०८२ को संघारमा मकवानपुर-२ मा पनि रोमाञ्चक स्पर्धा देखिएको छ । २०७९ को निर्वाचनमा विजित नेकपा एमालेका उम्मेदवार महेश बर्तौला र २०७४ मा उठेका राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का रामबहादुर थोकरबाहेक सबै उम्मेदवार नयाँ अनुहार हुन् । ठूला पार्टीहरूको भागवण्डा र गठबन्धनले अरूचिका उम्मेदवारलाई भोट हाल्नु पर्ने बाध्यताबाट यसपटक मकवानपुर-२ ले राहत पाएको छ । सबै पार्टी एकल हिसाबले निर्वाचनमा भाग लिइरहँदा जेन्जी आन्दोलनपछि उदाएका पार्टीहरूले पनि उम्मेदवार बनाइदिएपछि उत्तरी मकवानपुर र पश्चिम मकवानपुरले मकवानपुरको हेटौँडा केन्द्रित राजनीतिमा सशक्त हस्तक्षेप गर्न सफल भएको छ । अब हामीले कसलाई भोट हाल्ने होला भन्दै हेटौँडाबाट उम्मेदवार खोजेर, भरिया बनेर चोकचौतारामा हेटौँडाको उम्मेदवारको विरोध गर्ने भन्दै आफ्नै गाउँठाउँका छिमेकीसँग दुश्मनी साँध्ने मौका यसपालि मकवानपुर-२ का भूगोलका टोले नेता कार्यकर्ताले पाएका छैनन् । वरिपरिकै उम्मेदवार छान्ने कि नछान्ने भनेर घोत्लिन थालेका छन् । सामाजिक सञ्जालमा पनि यसपटक पश्चिम मकवानपुर शालीनसँग प्रस्तुत हुनु पर्ने भएको छ । वरपरका उम्मेदवारलाई चुनावमा भोट नहाले पनि पछि काम लाग्ने भएकाले केही टोले नेताहरूलाई लगाम लागेको देखिएको छ ।*

प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर २ बाट यसपटक नेपाली कांग्रेसले मकवानपुर सभापति बुद्ध लामालाई उतारेको छ।

नेकपा एमालेले निवर्तमान सांसद महेश बर्तौलालाई नै उम्मेदवार बनाएको छ । नेपाली कम्युनिष्ट पार्टीले लवशेर विष्टलाई उम्मेदवार बनाएको छ । राप्रपाका रामबहादुर थोकरलाई उठाएको छ।

हर्क साम्पाङको श्रम संस्कृति पार्टीले युनिश लामा स्याङ्तानलाई उठाइरहँदा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का प्रशान्त उप्रेतीको मकवानपुर-२ को राजनीतिमा गजबको 'इन्ट्री' भएको छ। उमेरले पनि उप्रेती २५ वर्षका छन् ।

यस्तै, उज्यालो पार्टी नेपालबाट डा. प्रवीणकुमार स्याङ्तान यसपटक चर्चा बटुल्न सफल युवा उम्मेदवार भएका छन् । नेकपा माओवादीले पश्चिम मकवानपुरको राजनीतिमा सुनिइरहने नाम राम घलान 'वाटर'लाई उठाएको छ।

राष्ट्रिय जनमोर्चा पार्टी पनि निर्वाचनमा होमिएको छ, निरबहादुर सिन्तान उम्मेदवार छन् । प्रगतिशील लोकतान्त्रिक पार्टीले सन्तोष विष्टलाई उम्मेदवार बनाएको छ।

नेशनल मंगोल अर्गनाइजेसनले हीरालाल स्याङ्तानलाई उम्मेदवार बनाएको छ । नेपाल मजदुर किसान पार्टीले सरोज तामाङलाई मैदानमा उतारेको छ । संयुक्त नागरिक पार्टीबाट शुभराज प्रजा उम्मेदवार बनेका छन् । नेसनल रिपब्लिक नेपालका सूर्य तामाङ बल उठेका छन् ।

आम जनता पार्टीबाट सूर्य राई उम्मेदवार छन् । जनता समाजवादीबाट छविलाल वाइबाले एकल चुनाव चिह्न लिएर उम्मेदवारी दिएका छन् ।

यस क्षेत्रबाट अमृत बल, कृष्णराम श्रेष्ठ, प्रतीक्षा बानियाँ, रमेश आचार्य र सीतामाया बलले स्वतन्त्र उम्मेदवारी दिएको निर्वाचन अधिकृतको कार्यालयले जानकारी दिएको छ।

उठेका सबै उम्मेदवारहरु कुनै पनि विवादमा नपरेका र नजोडिएका अनुहारहरु हुन् । युवा पुस्ताको बलियो हस्तक्षेपसँगै यसपटक मकवानपुर-२ मा स्थानीय भूगोलमै प्रतिनिधि सभामा भाग लिनसक्ने हैसियतका उम्मेदवार निर्माण चैं मकवानपुरको राजनीतिमा शिक्षाको विषय हुने छ।

उठ्ने मान्छे नै भएनन् भनेर कमल थापा, विरोध खतिवडा, दीपकबहादुर सिंह, महालक्ष्मी उपाध्याय डिना, उमा दाहालजस्ता पुराना अनुहारहरुलाई मकवानपुर-२ ले यसपटक थेग्न परेको छैन । अबको प्रदेश निर्वाचनमा पनि मकवानपुर २ ले क र ख भूगोलमा यसरी स्थानीय र नयाँ उम्मेदवारलाई चयन गर्न पनि यो निर्वाचनले सन्देश दिएको छ।

राजनीतिक रुपमा यो मकवानपुर-२ को नयाँ प्रयोग सबैतिर जरुरी देखिएको छ। पुराना अनुहारसँगको सर्वसाधारणको वितृष्णामा युवा पुस्ता र सबै पालिकामा अब उम्मेदवार बन्ने हैसियत र नेतृत्व निर्माण भएको छ।

### अघिल्लो निर्वाचनको अवस्था

२०७९ को प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्षतर्फ मकवानपुर-२ मा ८६ हजार ३ सय १ मत खसेकोमा ४ हजार १ सय २ मत बदर भएको थियो । प्रदेशसभाको प्रत्यक्षतर्फ मकवानपुर-२ को (क) मा ४५ हजार ८ सय ५३ मत खसेकोमा १ हजार ५ सय ९९ मत बदर भएको छ। त्यस्तै मकवानपुर-२ (ख) मा ४३ हजार ३ सय २९ मत खसेकोमा १ हजार ४ सय ९४ मत बदर भएको थियो ।

प्रतिनिधिसभाको समानुपातिकतर्फ मकवानपुर-२ मा ८६ हजार ३ सय ३८ मत खसेकोमा ४ हजार १ सय १४ मत बदर भएको थियो भने प्रदेशतर्फ ८६ हजार ३३ मत खसेकोमा ५ हजार २ सय ६६ मत बदर भएको थियो ।

### आफैँलाई भोट हाल्न नपाउनेहरू

प्रतिनिधि सभा निर्वाचनमा मकवानपुर-२ मा उठेका केही उम्मेदवारहरु आफैँलाई मत दिन पाउँदैनन् ।

यसरी मत दिन नपाउनेहरुमा श्रम संस्कृति पार्टीबाटै मकवानपुर-२ को उम्मेदवार बनेका युनेश लामा स्याङ्तान छन् । उनले आफैँलाई मतदान गर्न पाउँदैनन् । यस्तै, नेमकिपाबाटै मकवानपुर-२ का उम्मेदवार बनेका सरोज तामाङले पनि आफैँलाई मतदान गर्न पाउँदैनन् । मकवानपुर-२ मा उम्मेदवारी दर्ता गराएका जनता समाजवादी पार्टी (जसपा) का उम्मेदवार छविलाल वाइबाले पनि आफैँलाई मतदाना गर्न नपाउने भएका छन् । हेटौँडा-१२ का बासिन्दा वाइबा मकवानपुर-१ का मतदाता हुन् ।

### मकवानपुर-२ को भूगोल र जनताका समस्या

मकवानपुरको दुई वटा प्रतिनिधिसभा निर्वाचन क्षेत्रमध्ये २ नम्बर क्षेत्र भौगोलिक विकटता, विपन्न तथा अति सिमान्तकृतको बाक्लो बसोबास भएको ठाउँ हो । निर्वाचन अधिकृतको कार्यालय, मकवानपुर का अनुसार १८ जना दलीय र ३ जना स्वतन्त्रले प्रतिस्पर्धामा भाग लिँदा २ जना मात्रै महिला छन् ।

नागरिकको बग्रेल्ती दुःख, कष्ट र समस्याको चाङ छन् । २०४६ को बहुदलदेखि संघीयतासहितको अभ्यास थालेको ८ वर्ष बितिसक्दा पनि २ नम्बर क्षेत्रको समस्या ज्युँकात्युँ छ । स्थानीय सरकारको कामबाट भने गाउँमा विकासको बाटो देखाएको आभाश नागरिकले गरेका छन् ।

पर्सा र चितवन राष्ट्रिय निकुञ्जसँग जोडिएकाले मानव-वन्यजन्तुको द्वन्द्व भइरहने मनहरी गाउँपालिकादेखि यस क्षेत्रमा भौगोलिक विकटताको कठिनाइले अँध्यारा बस्ती अझै छन् । गाँजा-अफिम उत्पादन र ओसारपसार हुने भएकाले राक्सिराङ र कैलाशका सैयौं नागरिक (अधिकांश युवा उमेरका) कारागारमा सजाय काटिरहेका छन् ।

भोकमरीको चपेटामा पर्ने अति सिमान्तकृत चेपाङ समुदाय बसोबास गर्ने राक्सिराङ, कैलाश गाउँपालिका, २०७० पछि शहरी क्षेत्रमा विकास हुँदै आएको पर्यटकीय गाउँ थाहा नगरपालिका, इन्द्रसरोबर, भीमफेदी गाउँपालिका यही क्षेत्रमा पर्छ ।

यस्तै, मकवानपुरगढी गाउँपालिकाका ५, ६, ७ र ८ नम्बर वडा र प्रदेश मुकामसमेत रहेको हेटौँडा उपमहानगरपालिकाका १, ३, ११ र १९ नम्बर वडाबासी २ नम्बर क्षेत्रका मतदाता हुन् ।

नागरिकका अनेक दुःख सुनाइरहने संवेदनशील भूगोल मानिने मकवानपुर क्षेत्र नम्बर २ मा उम्मेदवार हरुको सूचि जति लामो छ, उति नै जनताको अपेक्षा पनि ।

### को हुन् प्रतिस्पर्धी

अघिल्लो निर्वाचनमा एमालेले ६२ वटा वडामा ३६ हजार ८ सय ३६ मत ल्याएको थियो । नेपाली कांग्रेसले ३४ हजार १ सय ६९ मत पाएको थियो । तत्कालीन माओवादीले २२ हजार २ सय ३७ मत ल्याएको थियो ।

प्रतिनिधिसभामा समानुपातिकतर्फ एमालेले २८ हजार २ सय ४६ मत ल्याएको थियो । कांग्रेसले २१ हजार ५ सय ६० ल्याएको थियो । माओवादीले १३ हजार १३ मत पाएको थियो । रास्वपाले ११ हजार २ सय ९७ मत ल्याएको थियो

२०७९ सालको स्थानीय तह, प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा ल्याएको मतका आधारमा हेर्दा भने यसपटक महेश बर्तौला, बुद्ध लामा र लवशेर विष्टबीच प्रतिस्पर्धा देखिन्छ । तर रास्वपाका प्रशान्त उप्रेती, राप्रपाका रामबहादुर थोकर र नेकपा माओवादीका राम घलान वाटर आफूले यसपटक कडा टक्कर दिने र जित्ने नै दाबी गर्छन् ।

## बागीआवाज



-नरेन्द्र कटुञ्जे नेपाल

### स्मृतिमा रुपचन्द्र बिष्ट

रुदाने अर्थात् रुपचन्द्र विष्ट, दामन, नेपाल २०३८ मा मकवानपुर जिल्लाबाट रापस उम्मेदवार बन्नुभयो । कांग्रेस र कम्युनिष्टहरुले चुनाव बहिस्कार गरेका थिए । एक्लो रुदानेले सिंगो राष्ट्रिय पञ्चायत हायलकायल पारे । पछि २०४३ को रापस चुनावमा नेपाली कांग्रेस र कम्युनिष्टले भाग लिए । रुदानेलाई मैले देख्नुभन्दा पहिले पहिलो परिचय अजेयराज सुमार्गीबाट थाहा पाएको थिएँ । २०३८ को रापस चुनावमा उहाँको आमा विश्वकान्ति कलावती पनि उम्मेदवार बन्नुभएको थियो । आमाको प्रचारमा कालिकाटार-१ भैंसेपाल, कटुन्जेमा आउनुभयो । नन्दिकेश्वर विद्यालयमा बुबा शिक्षक हुनुहुन्थ्यो । सबै शिक्षकलाई राखेर आमाको प्रचारमा गएको मान्छे १ घण्टा जति रुदानेको बारे बोल्नुभयो । कलिलो दिमागमा रुदाने त्यही दिन बस्यो । त्यसपछि रुपचन्द्रको जनमुखी सभा सुन्न जानथालेँ । ४० सालतिर एउटा सभा भैंसेपाल, हाम्रो घरको चौरमा भएको थियो । सभामा गोविन्द रिजाल, तिलेश्वर प्रावि आफैं स्वयमसेवी शिक्षक बनेर विद्यालय स्थापना गर्नुभयो । यो विद्यालयलाई स्वीकृत गराइदिनुपर्‍यो भन्ने माग राख्नुभएको थियो । केही समयपछि स्वीकृत भयो । त्यसबेलाका प्रधानपञ्च गोविन्द प्रसाद रिजाल, विद्यालय खोल्नेचाहिँ गोविन्द रिजाल (रामकुमार एलन, शिवकुमार काशीको) बुबा ।

४ कक्षा देखि भवानी निमावि कालिटारमा पढ्न थाले । दिउँसो हाफछुट्टीमा रुदानेको पर्चा ठूलो स्वरमा भन्न थाल्यौं । पर्चा ईश्वरचन्द्र रिजालले ल्याउनु हुन्थ्यो । उहाँको जेठो दाई कृष्णचन्द्र रिजाल महेन्द्र किरण ज्यामिरेमा शिक्षक हुनुहुन्थ्यो । पर्चा उहाँले नै पठाउनुहुन्थ्यो । त्यही पर्चा ल्याउने र गाउने गरेबापत ईश्वरचन्द्र रिजाललाई प्रहरी चौकी भार्ताले १ दिन थुन्यो । ४०-४२ सालतिर म बस्ने कोठामा थाहा काठमा कुँदेर आफैँले बनाएको थिएँ । एक जनमुखी

बाँकी पृष्ठ ४ मा.......

# एमालेला उम्मेदवार राना देन बर्तौला

सन्देश थिङ/बागीभूगोल
मनहरी ।



मकवानपुर निर्वाचन क्षेत्र नम्बर १ री नेकपा एमालेजे केन्द्रीय सदस्य एवम् मकवानपुर इन्चार्ज रामेश्वर राना मगरदा उम्मेदवार सोबाला मुला। थे इमान्दार, कर्मठ सादगी नेताला रुपरेर मकवानपुररी परिचित मुला। २०५४ सालरी जिल्ला विकास समिति मकवानपुरला सभापति निर्वाचित तामम रानाजे लाबाला के जनता माझ स्थापित मुला।

२०६४ ला निर्वाचनरी संसदीय चुनाव लडदिबाला राना पराजित ताबाला मुबा। थे चोसो थेजे पटक नि सिफारिसरी पर्तिजी नोन नेतृत्वला अबसर आयाङ्नि। एकीकृत नेकपा माओवादीदेन्छ्याम एकता तामम थेजे चुना० लङ्दिबा अवसरक्याम्से बन्चित ताजी। अघिल्लो पटकला निर्वाचनरी एमालेला सूर्य चिन्हक्याम्से कमल थापा निर्वाचनरी रेमा थेजे अन्तिम समयरी संसदीय चुनाब लङ्दिबम अवसर प्याङ्जि। पटकपटक अबसर किन्जनसमेत पार्टीला जिम्मेवारीरी निरन्तर मुबाला रानाला उम्मेदवारीजे एमालेला कार्यकर्ता उत्साहित मुला। थेला सादगी पनदा चु क्षेत्ररी जनताजे सकारात्मक रुपमा किबाला मुला।

२०३६ सालला आन्दोलनक्याम्से प्रभावित तासि २०३७ सालरी अनेरास्ववियु त्रिभुवन माविला प्रारम्भिक कमिटीक्याम्से थेला राजनीतिक यात्रा सुरु ताबाला हिन्ना। २०३८ री अखिलला जिल्ला कमिटी उपाध्यक्ष ताबन जिल्ला कमिटी अध्यक्षसमेत ताजि। २०४२ सालमा अनेरास्ववियुला केन्द्रीय सदस्य तोबाला राना पार्टीला शाखा कमिटी हेटौँडा नगर कमिटी ताबन जिल्ला कमिटी सदस्य ताजि। २०५१ री एमाले मकवानपुर सचिब ताजि। ३ कार्यकाल एमाजे मकवानपुरला नेतृत्व लाबाला अनुभब रानातेन मुला।

बागमती प्रदेश कमिटी सदस्य ताबन ४ कार्यकाल केन्द्रीय सदस्यला जिम्मेवारीरी तासि के लाबाला मुला। एमालेला ११ औँ महाधिवेशनक्याम्से राना केन्द्रीय सदस्य निर्वाचित ताजी ।

२०४९ सालरी हेटौँडा नगरपालिका ११ नं वडा अध्यक्ष निर्वाचित ताजि। २०५४ जिविस सभापति तामम चुरे संरक्षण, सडक सञ्जाल निर्माणसहित मकवानपुरला एकीकृत बिकासला अवधारणा थेजे अघि सार्फिजि। थेजे चीन, भारत, बंगलादेश लगायतला मुलुकदे दोजि विकासदा डम्क्याम्से च्याजी ।

नेकपा एमालेला केन्द्रीय सदस्य महेश बर्तौलाला राजनीतिक जीवन २०५३ सालक्याम्से सुरु ताबाला हिन्ना। मकवानपुरला कालिका मावि नामटाररी कक्षा ७ री अध्ययन लाबन लमा थे अनेरास्ववियुला प्रारम्भिक कमिटीला अध्यक्ष तोजि।

अखिलला इलाका, क्षेत्रीय कमिटी ताबन थे २०६० देन २०६३ री कार्यकाल नि अनेरास्ववियुला जिल्ला अध्यक्ष ताजि। उच्च शिक्षाका लाग्गिरी मकवानपुर बहुमुखी क्याम्पसरी अध्ययनरत तामाम २०६० सालरी स्ववियु सदस्य तोजि। २०६२ देन २०६५ सालमा मकवानपुर बहुमुखी क्याम्पसला स्ववियु सभापति ताजि।

२०६५ सालरी अनेरास्ववियुला केन्द्रीय सदस्य तामन अनेरास्ववियुला केन्द्रीय सचिव, उपाध्यक्ष देन कार्यबाहक अध्यक्षला जिम्मेवारी सम्हाल्ने अवसर समेत थेजे याङ्जी । थे स्वतन्त्र विद्यार्थी युनियन काउन्सिल नेपालला राष्ट्रिय अध्यक्ष तोबा सफल ताजि।

२०६३ सालक्याम्से महेश बर्तौलाजे विद्यार्थी राजनीतिक अलवा पार्टीला भूगोलरी चिजी समेत के लाबा थल्दिजि। २०६३ री थे नेकपा एमालेला जिल्ला कमिटी सदस्य निर्वाचित ताजी । माओवादी सशस्त्र युद्धला बेलारी थेजे मकवानपुरला विकट भूगोल नामटार-कालिकाटार-देन भार्ताला इन्चार्जला जिम्मेवारी बहन ताजि। २०७६-७७ री नेकपा एमालेला बागमती प्रदेश कमिटी सदस्य ताबन उपसचिबला भूमिकारी थे सकृय ताजि।

एमाले देन माओवादी एकता तामम थे नेकपाला केन्द्रीय सदस्य ताबा सफल ताजि। २०८० री एमालेला मनोनीत केन्द्रीय सदस्य देन २०८२ ला ११ औँ महाधिवेशनक्याम्से थेजे निर्वाचित केन्द्रीय सदस्यला जिम्मेवारीरी मुला। थे राजनीतिक यात्रा प्रगतिला पथरी निरन्तर मुला।

२०७९ ला निर्वाचनरी प्रभावशाली नेता राजनीतिका गुरु बिरोध खतिवडादा पराजित लबन थे प्रतिनिधि सभा सदस्य निर्वाचित ताजि। ४२ वर्षला युवा उमेररी राजनीतिक सफलता थेजे राङ्दान शैक्षिक हिसाबजे समेत अब्बल सोबाला मुला। व्यवस्थापन शंकाय देन राजनीतिशास्त्ररी स्नकोत्तर (एमए) सम्मला अध्ययन लाबाला बर्तौला बिधिशास्त्रला समेत विद्यार्थी हिन्ना।

थेजे एलएलबी उत्तीर्ण लाबाला मुला। मकवानपुरला क्षेत्र नम्बर २ क्याम्से पहिलोपटक प्रतिनिधि सभा सदस्यला रुपरी सदन ओङ्बाला बर्तौलाजे एमालेला सचेतक, मुख्य सचेतक ताबन सरकारला प्रमुख सचेतकला जिम्मेवारी बहन गर्ने अवसर पाए।

संसदमा कानून न्याय तथा मानब अधिकार समिति सदस्य, प्रतिनिधि सभा देन राष्ट्रिय सभाला संयुक्त समितिला सदस्य देन संसदीय समितिरी सदस्यला रुपरी थेला भूमिका मुबा। संयुक्त राष्ट्रसंघला सभारी भाग किन्बारी अमेरिका दोजि। संसदीय मामिला अध्ययनला लागगिरी बेलायत दोबान बर्तौला राजनीतिरी अनुभवजे समेत अब्बल सोबाला मुबा।

स्विजरल्याण्डको जेनेभारी (इन्टर पार्लियामेन्ट युनियन आई पि यु ) ला सभारीसमेत थेजे सहभागीता लाबाला मुबा। चीन, भारत लगायतला देश दोजि थेजे विकास देन राजनीतिला अन्तर्राष्ट्रिय ज्ञान हासिल लाबाला मुबा। थे २०८२ ला प्रतिनिधि सभा सदस्यला निर्वाचनरी मकवानपुर निर्वाचन क्षेत्र नम्बर २ दोस्रोपटक प्रतिस्पर्धारी मुला।

## जाडोबाट जेष्ठ नागरिक र बालबालिकाको सुरक्षा

**प्रमुख सावधानीहरू**
१. न्यानो कपडा, टोपी, पञ्जा, मोजा अनिवार्य गरौँ ।
२. घाम ताप्ने, हल्का व्यायम गर्ने बानी बसालौँ ।
३. अत्याधिक चिसोमा बिहान साँझ बाहिर ननिस्कौँ ।
४. भिजेका कपडा तुरून्तै पेरेर सरिर सुकाऔँ ।
जेष्ठ नागरिककालागि बिशेष ध्यान
१. लामो समय चिसोमा बस्न नदिनुहोस् ।
२. नियमित औषधी समयमा सेवन भएको सुनिश्चित गर्नुहोस् ।
३. बढी चिसो वा ज्वरो आएमा स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस् ।
४. तातोपानी, झोलिलो खाना, न्यानो बसोबासको व्यवस्था गर्नुहोस् ।
**बालबालिकालाई जोगाउने तरिका**
१. न्यानो र सफा कपडा लगाइदिनुहोस् ।
२. नवजात शिशुको बिषेश सुरक्षा, चिसो हावा सिधै लाग्न नदिने व्यवस्था ।
३. तातो पोचिलो खाना र पर्‍याप्त तातोपानी खान दिनुहोस् ।
४. खोकी, ज्वरो वा सास फेर्न गाह्रो भएमा तुरून्त स्वास्थ्यकर्मीलाई सम्पर्क गर्नुहोस् ।
**घरभित्र ध्यान दिनुपर्ने कुराहरू**
१. न्यानो र हावा पास हुने व्यवस्था मिलाउनुहोस् ।
२. हिटर अंगिठी सुरक्षित प्रयोग गर्नुहोस् ।
३. धुवा धुलोबाट जोगाउने उपाय अप्नाऔं ।
**आपतकालिन अवस्था**
१. शरिर अत्याधिक चिसो हुनु, ज्वरो नझर्नु, सास फेर्न गाह्रो हुने, बेहोस जस्तो हुने देखिएमा तुरून्त स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस् ।

हेटौँडा उपमहानगरपालिका
१८ नं. वडा कार्यालय
हेटौँडा, मकवानपुर

यहाँ बिभिन्न किमिका कृषि प्रविधि सम्बन्धि सामग्री तथा बिशेष गरि हाते ट्र्याक्टरको सम्पुर्ण पार्टपुर्जा पाउनुको साथै तथा सबै किसिमको मेसिनहरुको मर्मत गरिन्छ।



प्रोपाइटरः सुनिल कु. मोक्तान
मनहरी कृषि प्रविधी सप्लायर्स
मनहरी-०७ रोटरी मार्केट, मकवानपुर।
९७४८४६१४६८, ९८४५६०५०२०

जाडोबाट जेष्ठ नागरिक र बालबालिकाको सुरक्षा
प्रमुख सावधानीहरू
१. न्यानो कपडा, टोपी, पञ्जा, मोजा अनिवार्य गरौँ ।
२. घाम ताप्ने, हल्का व्यायम गर्ने बानी बसालौँ ।
३. अत्याधिक चिसोमा बिहान साँझ बाहिर ननिस्कौँ ।
४. भिजेका कपडा तुरून्तै पेरेर सरिर सुकाऔँ ।
जेष्ठ नागरिककालागि बिशेष ध्यान
१. लामो समय चिसोमा बस्न नदिनुहोस् ।
२. नियमित औषधी समयमा सेवन भएको सुनिश्चित गर्नुहोस् ।
३. बढी चिसो वा ज्वरो आएमा स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस् ।
४. तातोपानी, झोलिलो खाना, न्यानो बसोबासको व्यवस्था गर्नुहोस् ।
बालबालिकालाई जोगाउने तरिका
१. न्यानो र सफा कपडा लगाइदिनुहोस् ।
२. नवजात शिशुको बिषेश सुरक्षा, चिसो हावा सिधै लाग्न नदिने व्यवस्था ।
३. तातो पोचिलो खाना र पर्‍याप्त तातोपानी खान दिनुहोस् ।
४. खोकी, ज्वरो वा सास फेर्न गाह्रो भएमा तुरून्त स्वास्थ्यकर्मीलाई सम्पर्क गर्नुहोस् ।
घरभित्र ध्यान दिनुपर्ने कुराहरू
१. न्यानो र हावा पास हुने व्यवस्था मिलाउनुहोस् ।
२. हिटर अंगिठी सुरक्षित प्रयोग गर्नुहोस् ।
३. धुवा धुलोबाट जोगाउने उपाय अप्नाऔं ।
आपतकालिन अवस्था
१. शरिर अत्याधिक चिसो हुनु, ज्वरो नझर्नु, सास फेर्न गाह्रो हुने, बेहोस जस्तो हुने देखिएमा तुरून्त स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस् ।

हेटौँडा उपमहानगरपालिका
१५ नं. वडा कार्यालय
हेटौँडा, मकवानपुर

जाडोबाट जेष्ठ नागरिक र बालबालिकाको सुरक्षा
प्रमुख सावधानीहरू
१. न्यानो कपडा, टोपी, पञ्जा, मोजा अनिवार्य गरौँ ।
२. घाम ताप्ने, हल्का व्यायम गर्ने बानी बसालौँ ।
३. अत्याधिक चिसोमा बिहान साँझ बाहिर ननिस्कौँ ।
४. भिजेका कपडा तुरून्तै पेरेर सरिर सुकाऔँ ।
जेष्ठ नागरिककालागि बिशेष ध्यान
१. लामो समय चिसोमा बस्न नदिनुहोस् ।
२. नियमित औषधी समयमा सेवन भएको सुनिश्चित गर्नुहोस् ।
३. बढी चिसो वा ज्वरो आएमा स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस् ।
४. तातोपानी, झोलिलो खाना, न्यानो बसोबासको व्यवस्था गर्नुहोस् ।
बालबालिकालाई जोगाउने तरिका
१. न्यानो र सफा कपडा लगाइदिनुहोस् ।
२. नवजात शिशुको बिषेश सुरक्षा, चिसो हावा सिधै लाग्न नदिने व्यवस्था ।
३. तातो पोचिलो खाना र पर्‍याप्त तातोपानी खान दिनुहोस् ।
४. खोकी, ज्वरो वा सास फेर्न गाह्रो भएमा तुरून्त स्वास्थ्यकर्मीलाई सम्पर्क गर्नुहोस् ।
घरभित्र ध्यान दिनुपर्ने कुराहरू
१. न्यानो र हावा पास हुने व्यवस्था मिलाउनुहोस् ।
२. हिटर अंगिठी सुरक्षित प्रयोग गर्नुहोस् ।
३. धुवा धुलोबाट जोगाउने उपाय अप्नाऔं ।
आपतकालिन अवस्था
१. शरिर अत्याधिक चिसो हुनु, ज्वरो नझर्नु, सास फेर्न गाह्रो हुने, बेहोस जस्तो हुने देखिएमा तुरून्त स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस् ।

हेटौँडा उपमहानगरपालिका
१७ नं. वडा कार्यालय
हेटौँडा, मकवानपुर




पश्चिम मकवानपुरबाट प्रसारण हुने मनहरी एफ.एम. १०४.३ मेगाहर्ज नियमित सुन्ने गरौँ। समाचार र विज्ञापनका लागि सम्पर्कः
९८५५०६८८६६

# कोदोको मदिराको ब्रान्डिङ

प्रताप तितुङ/बागीभूगोल
राक्सिराङ ।

पश्चिम मकवानपुरको राक्सिराङ गाउँपालिका घरेलु मदिरा व्यवस्थापन गर्न कोदोको रक्सीलाई ब्रान्डिङ गर्ने उपायको खोजीमा लागिपरेको छ।

गाउँपालिकाले घरेलु तवरले बनाइने कोदोको रक्सीलाई यस क्षेत्रको नागरिकको आम्दानीको रुपमा कसरी स्थापित गर्न सकिन्छ भन्ने विषयमा विभिन्न परामर्श र छलफलमूलक गतिविधीहरू सन्चालन गरिरहेको छ। नेपालमा सबैभन्दा धेरै घरेलु मदिराको खपत हुन्छ।

विश्व स्वास्थ्य संगठनले २०१९ मा प्रकाशन गरेको एक प्रतिवेदनअनुसार ६६.३ प्रतिशत मदिरा सेवनकर्ताले यस्ता मदिराको सेवन गर्छन्, जसमा रक्सी, जाँड, छ्याङ, अइला जस्ता अन्नबालीबाट बनाइने मदिराहरू हुन्छन्। अधिकांश सिँचाई नलाग्ने विकट राक्सिराङको भूमि कोदो उत्पादनका लागि उपयुक्त रहेको छ।

जहाँ आर्थिक वर्ष २०८०-८१ मा मात्रै १ हजार ७ सय ६१ मेट्रिक टन कोदो तथा फापर बालीउत्पादन भएको तथ्यांकले देखाउँछ।

तर देशव्यापीरुपमा घट्दै गएको कोदो बालीको उत्पादनमा पालिकाले यसबाट बन्ने रक्सीको उत्पादन, ब्रान्डिङ, लेभलिङ र उचित मूल्य निर्धारण गरी बजारीकरण गर्ने नीति ल्याउन सके यसले कोदो खेतीको प्रवर्द्धन र उत्पादनमा वृद्धि हुनुका साथै राक्सिराङमा आयातीत मदिराको सेवनमा कमी ल्याई स्थानीय उत्पादनमार्फत नागरिकको आयस्तरसमेत माथि उकास्न सकिने देखिन्छ।





# प्रजा विकासले घर दियो, पुर्जा दिएन



उमेरले डाँडा काटिसक्यो, जग्गाको लालपुर्जा छैनः राक्सिराङ-७ गर्लिङका ७० वर्षीय मंगलसिंह चेपाङ।

बागीभूगोल संवाददाता
राक्सिराङ

पश्चिम मकवानपुरको राक्सिराङ गाउँपालिकामा प्रजा विकास कार्यक्रमले चेपाङ समुदायका लागि उपलब्ध गराएको घर र घर रहेको जग्गाको लालपूर्जा नदिएको पाइएको छ।

नेपाल लिटिल फ्लावर सोसाइटीले चेपाङ पहिचान तथा खाद्य प्रवर्द्धन कार्यक्रम अन्तर्गत चेपाङ बस्तीमा पुगेर गरेको सर्वेक्षणमा यस्तो भेटिएको हो।

सोसाइटीले राक्सिराङको चेपाङ बस्तीमा चेपाङ पहिचान क्षेत्रका लागि काम गरिरहेको छ। राक्सिराङ-७ का चेपाङहरुको रहनसहन, मुख्यबाली, खाद्य असुरक्षाको समस्या समाधानमा सोसाइटीले काम गरिरहँदा जग्गाधनी पूर्जा नपाइएको कार्यक्रम संयोजक बिशुमान प्रजाले बताए।

उनले भने, 'प्रजा विकास कार्यक्रमबाट घर र बस्न दिइएको जग्गाको लालपुर्जा अझै दिइएको रहेनछ, सबै पुर्जा नपाएर कुनै पनि बेला उठिबास हुने हो कि भन्ने संशयमा छन्।'

सोसाइटीले चेपाङ समुदायको मुख्य बाली अन्न बढाउने, रैथाने बाली, करेसाबारीको तरकारी, फलफूल प्रवर्द्धनका लागि तथ्य संकलन गरिरहेको छ। चार वर्षदेखि चेपाङ समुदायको उन्नयनमा क्रियाशील संस्थाले समूह निर्माण गरेर आफ्नो पहिचानको लागि वकालतको काम गर्दै आएको प्रजाले बताए।

राक्सिराङ-५, दामराङमा कार्यालय राखेर संस्थाले काम गरिरहेको छ। चेपाङ समुदायलाई तरकारी र कृषि खेतीका लागि संस्थाले जेटिए पनि परिचालन गरेको जनाएको छ।

# ठूलालाई टक्कर दिन्छौं

बागीभूगोल संवाददाता
राक्सिराङ



नेकपा माओवादीका मकवानपुर -२ का उम्मेदवार राम घलान 'वाटर'ले घरदैलो अभियान तीव्र पारेका छन्। उनले भने, 'यसपटक हामीले ठूला भनिएका दलहरुलाई कडा टक्कर दिनेछौं।'

मकवानपुरको मनहरी-३ का घलान माओवादीको विद्यार्थी राजनीति हुँदै मकवानपुरको राजनीतिमा उदाएका पात्र हुन्।


उनले मनहरीका अलावा पश्चिम मकवानपुरका जनताका मुख्य समस्यामा लगातार आफूहरुले खबरदारी गरिरहेकाले १० हजार जनता आफ्ना पक्षमा रहेको र यही जनताको मत र मनलाई बढाउँदै ठूला दललाई टक्कर दिने उनले बताए। 'आरक्ष, लागुऔषध र भ्रष्टाचारको मुद्दामा हामी बोल्छौं,' उनले भने, 'मकवानपुर-२को मुख्य समस्या यही हो।'

सडक डिभिजन हेटौंडाको अनुरोध

- सडक हाम्रो राष्ट्रिय सम्पत्ति हो, यसको सबैले संरक्षण गरौं।
- सडक सीमाको अतिक्रमण अपराध हो, यस्तो क्रियाकलापले दण्डको भागी बनाउँछ।
- जथाभावी सडकमा सवारी साधन पार्क नगरौं, दुर्घटनाबाट बचौं र बचाऔं।
- सडक तथा सडक पेटीमा आफ्ना निर्माणजन्य सामग्री व्यापारिक तथा व्यवसायिक सामग्री नराखौं।
- सडक तथा सार्वजनिक स्थलमा सूर्तीजन्य पदार्थ सेवा नगरौं।
- सडकपेटी अतिक्रमण नगरौं।

सडक डिभिजन कार्यालय,
हेटौंडा, मकवानपुर।

निको अस्पताल प्रा. लि.
तमु फार्मेसी
पुरानो मकवानपुर रोड
पिपलबोट संगमचोक जाने रोडको
आफ्नै भवनमा सरेको छ।
सम्पर्क नं. ०५७-५९१४२७
मोवाईल नं. ९८५५०६८७३७



जाडोबाट जेष्ठ नागरिक र बालबालिकाको सुरक्षा

प्रमुख सावधानीहरू
१. न्यानो कपडा, टोपी, पञ्जा, मोजा अनिवार्य गरौं ।
२. घाम ताप्ने, हल्का व्यायम गर्ने बानी बसालौं ।
३. अत्याधिक चिसोमा बिहान साँझ बाहिर ननिस्कौं ।
४. भिजेका कपडा तुरुन्तै फेरेर सरिर सुकाऔं ।
जेष्ठ नागरिककालागि बिशेष ध्यान
१. लामो समय चिसोमा बस्न नदिनुहोस् ।
२. नियमित औषधी समयमा सेवन भएको सुनिश्चित गर्नुहोस् ।
३. बढी चिसो वा ज्वरो आएमा स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस् ।
४. तातोपानी, झोलिलो खाना, न्यानो बसोबासको व्यवस्था गर्नुहोस् ।
बालबालिकालाई जोगाउने तरिका
१. न्यानो र सफा कपडा लगाइदिनुहोस् ।
२. नवजात शिशुको बिषेश सुरक्षा, चिसो हावा सिधै लाग्न नदिने व्यवस्था ।
३. तातो पोचिलो खाना र पर्याप्त तातोपानी खान दिनुहोस् ।
४. खोकी, ज्वरो वा सास फेर्न गाह्रो भएमा तुरुन्त स्वास्थ्यकर्मीलाई सम्पर्क गर्नुहोस् ।
घरभित्र ध्यान दिनुपर्ने कुराहरू
१. न्यानो र हावा पास हुने व्यवस्था मिलाउनुहोस् ।
२. हिटर अंगिठी सुरक्षित प्रयोग गर्नुहोस् ।
३. धुवा धुलोबाट जोगाउने उपाय अपनाऔं ।
आपतकालिन अवस्था
१. शरिर अत्याधिक चिसो हुनु, ज्वरो नझर्नु, सास फेर्न गाह्रो हुने, बेहोस जस्तो हुने देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस् ।

हेटौंडा उपमहानगरपालिका
१३ नं. वडा कार्यालय
हेटौंडा, मकवानपुर

जाडोबाट जेष्ठ नागरिक र बालबालिकाको सुरक्षा

हेटौंडा उपमहानगरपालिका
१० नं. वडा कार्यालय
हेटौंडा, मकवानपुर


प्रमुख सावधानीहरू
१. न्यानो कपडा, टोपी, पञ्जा, मोजा अनिवार्य गरौं ।
२. घाम ताप्ने, हल्का व्यायम गर्ने बानी बसालौं ।
३. अत्याधिक चिसोमा बिहान साँझ बाहिर ननिस्कौं ।
४. भिजेका कपडा तुरुन्तै फेरेर सरिर सुकाऔं ।
जेष्ठ नागरिककालागि बिशेष ध्यान
१. लामो समय चिसोमा बस्न नदिनुहोस् ।
२. नियमित औषधी समयमा सेवन भएको सुनिश्चित गर्नुहोस् ।
३. बढी चिसो वा ज्वरो आएमा स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस् ।
४. तातोपानी, झोलिलो खाना, न्यानो बसोबासको व्यवस्था गर्नुहोस् ।
बालबालिकालाई जोगाउने तरिका
१. न्यानो र सफा कपडा लगाइदिनुहोस् ।
२. नवजात शिशुको बिषेश सुरक्षा, चिसो हावा सिधै लाग्न नदिने व्यवस्था ।
३. तातो पोचिलो खाना र पर्याप्त तातोपानी खान दिनुहोस् ।
४. खोकी, ज्वरो वा सास फेर्न गाह्रो भएमा तुरुन्त स्वास्थ्यकर्मीलाई सम्पर्क गर्नुहोस् ।
घरभित्र ध्यान दिनुपर्ने कुराहरू
१. न्यानो र हावा पास हुने व्यवस्था मिलाउनुहोस् ।
२. हिटर अंगिठी सुरक्षित प्रयोग गर्नुहोस् ।
३. धुवा धुलोबाट जोगाउने उपाय अपनाऔं ।
आपतकालिन अवस्था
१. शरिर अत्याधिक चिसो हुनु, ज्वरो नझर्नु, सास फेर्न गाह्रो हुने, बेहोस जस्तो हुने देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस् ।

जाडोबाट जेष्ठ नागरिक र बालबालिकाको सुरक्षा

हेटौंडा उपमहानगरपालिका
११ नं. वडा कार्यालय
हेटौंडा, मकवानपुर

प्रमुख सावधानीहरू
१. न्यानो कपडा, टोपी, पञ्जा, मोजा अनिवार्य गरौं ।
२. घाम ताप्ने, हल्का व्यायम गर्ने बानी बसालौं ।
३. अत्याधिक चिसोमा बिहान साँझ बाहिर ननिस्कौं ।
४. भिजेका कपडा तुरुन्तै फेरेर सरिर सुकाऔं ।
जेष्ठ नागरिककालागि बिशेष ध्यान
१. लामो समय चिसोमा बस्न नदिनुहोस् ।
२. नियमित औषधी समयमा सेवन भएको सुनिश्चित गर्नुहोस् ।
३. बढी चिसो वा ज्वरो आएमा स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस् ।
४. तातोपानी, झोलिलो खाना, न्यानो बसोबासको व्यवस्था गर्नुहोस् ।
बालबालिकालाई जोगाउने तरिका
१. न्यानो र सफा कपडा लगाइदिनुहोस् ।
२. नवजात शिशुको बिषेश सुरक्षा, चिसो हावा सिधै लाग्न नदिने व्यवस्था ।
३. तातो पोचिलो खाना र पर्याप्त तातोपानी खान दिनुहोस् ।
४. खोकी, ज्वरो वा सास फेर्न गाह्रो भएमा तुरुन्त स्वास्थ्यकर्मीलाई सम्पर्क गर्नुहोस् ।
घरभित्र ध्यान दिनुपर्ने कुराहरू
१. न्यानो र हावा पास हुने व्यवस्था मिलाउनुहोस् ।
२. हिटर अंगिठी सुरक्षित प्रयोग गर्नुहोस् ।
३. धुवा धुलोबाट जोगाउने उपाय अपनाऔं ।
आपतकालिन अवस्था
१. शरिर अत्याधिक चिसो हुनु, ज्वरो नझर्नु, सास फेर्न गाह्रो हुने, बेहोस जस्तो हुने देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस् ।

'सुनमा शुद्धता, डिजाइनमा आधुनिकता'



आधुनिक सुनचाँदी पसल
हेटौंडा-०२, पुरानो मकवानपुर रोड
सम्पर्कः ९८४५५३९५६३

# सम्पादकीय

## कोदोको मदिराको ब्रान्डिङ

*पश्चिम मकवानपुरको राक्सिराङ गाउँपालिका मकवानपुरमै बढी समाचारमा छाउने पालिकामा पर्छ । यसका अनेक रूप, सार, चर्चा र परिचर्चा मकवानपुरमा मात्रै होइन, काठमाडौँसम्म हुने गरेको छ । बागमती प्रदेश सरकारदेखि केन्द्र सरकार अनि सबै राजनीतिक दलमा राक्सिराङको प्रवेश र पहुँच पनि सरल छ । अरू पालिकाहरू सरकार भेटिएन भनिरहँदा राक्सिराङ सिधै सरकारको ढोकाबाट छिर्नसक्ने हैसियतको सामान्य पालिका हो । यहाँको राजनीति गाउँसँग जोड्नुपर्छ, उत्पादनसँग जोड्नुपर्छ, जनतासँग जोड्नुपर्छ । सधैँ राक्सिराङलाई खराब मात्रै देखाउन हुन्न भन्ने आवाज यो हप्ता पनि उठेको छ । यो राक्सिराङको राम्रो पाटो हो ।*

*यसै हप्ता राक्सिराङ गाउँपालिकाले कोदोको मदिरालाई ब्रान्डिङ गर्ने विषय उचालेर फेरि चर्चा बटुलेको छ । गाउँका बाँझो खेतबारीका पाटामा कोदो कति फल्छ ? यसको मूलकुरा यही हो । कोदो किनेर रक्सी पार्न सकिन्न । कोदो महंगो भयो । बजारबाट कोदो लगेर गाउँमा रक्सी पारेर फेरि बजारमा रक्सी ल्याउँदा कानूनमा वर्जित भएकाले प्रहरीले नष्ट गर्छ, अर्कोतिर मूल्य बढी पर्छ । यसैले मान्छे दिनभर मनहरी बजारमा घुमेर साँझ सुत्न मात्र राक्सिराङ पुगिरहेका बेला पालिकामै कोदोको रक्सी उत्पादन गर्ने विषयमा राक्सिराङ गाउँपालिकाले गरेको अन्तरक्रिया चर्चामा आएको छ । केही विज्ञ र विशेषज्ञ बोलाएर गरिएको यो छलफल सार्थक बनाउने विषयमा चैँ राक्सिराङमा सर्वथा अभाव भइरहेको छ । ५-५ लाखका केराखेती तालिम दिनु भन्दा त्यो ५ लाखले केरा रोपेको भए अहिले गाउँ हरियो भइसक्थ्यो । गाउँमा ३-३ लाखका सहकारी तालिम पुगेका छन् । अनेक तालिमका लागि सबैको रोजाइ राक्सिराङ भइरहँदा त्यही पैसाले राक्सिराङमा खेती शुरू गर्ने टोली चैँ अहिलेसम्म सक्रिय भएको छैन ।*

*तथ्यांकहरू भन्दारहेछन्, अधिकांश सिँचाई नलाग्ने विकट राक्सिराङमा आर्थिक वर्ष २०८०-८१ मा १ हजार ७ सय ६१ मेट्रिक टन कोदो तथा फापर बाली उत्पादन भएको थियो । राक्सिराङको भूमि कोदो उत्पादनका लागि उपयुक्त छ । यदि यसो हो भने पहिला बाँझो बसेका र खाली रहेका खेतबारी खोजेर यहाँ कोदो खेतीका लागि अभियान चलाउन जरूरी छ । कोदो उत्पादन भएपछि रक्सी पारे पनि हुन्छ, रोटी पकाएर खाए पनि हुन्छ । गाउँमै कोदो बेचेर सुगर हुने चामल किनेर खाए पनि हुन्छ । तर यसका लागि पहिला कोदो त गाउँमै उत्पादन हुन जरूरी छ । यसका लागि कुनै किसान समूह, कोही सहकारी या कुनै समूह खडा गरेर वडापिच्छे सम्भव भएका ठाउँमा कोदो रोप्ने अभियान चलाउन जरूरी छ । कोदो उत्पादन भएपछि मदिरा उत्पादनको काम अघि बढ्दा यसलाई ब्रान्डिङ गर्न पालिकाले आवश्यक पहल गरिदिने हो भने पक्कै यो उद्यमका रूपमा विकास हुँदै जान्छ । मान्छे औषधी खान बिर्सन्छ तर मदिरा पिउने लतमा छन् । यसैले असम्भव होइन र यो राक्सिराको पक्षमा हो, मदिराको पक्षमा वकालत फिटिक्कै होइन ।*

# संस्कारयुक्त जीवनोपयोगी शिक्षालाई अभिभावक शिक्षासंग पनि जोड्ने कि ?

रमेश प्रसाद लामिछाने



*मानवीय संस्कारजन्य शिक्षा जीवनपर्यन्त शिक्षा हो । यो शिक्षा शैक्षिक प्रमाणपत्रका घेरामा सीमित छैन भन्ने तथ्य आत्मसात् गरिनु राम्रो हुन्छ । बिगतमा अभ्यास गरिएको प्रौढ शिक्षा तथा अनौपचारिक शिक्षालाई थप परिमार्जन र पुनर्संगठित गरी नयाँ पाठ्यक्रमका साथ निरन्तरतामा जोड्न सकिन्छ ।*

१. हाल संस्कार र सभ्यताका प्रसंगहरु छरपष्ट भेट्न सकिन्छ । शिक्षाले संस्कार सिकाएन, चरित्र निर्माणमा ध्यान गएन भन्ने आवाज अधिक सुन्न सकिन्छ । स्कूलले पनि मानवीय संस्कारका सबालमा वास्तै गर्दैन भन्ने पनि हामीले सुनेका छौँ । शिक्षकहरु पनि जाँचमा पास गराउने कुरामा मात्र ध्यान दिन्छन् भन्ने गरिएको छ । संस्कृत शिक्षाको पढाई छैन, अनि कहाँबाट राम्रा आचरण भेटिनु त भन्नेहरु पनि कम छैनन् । नयाँ पिँढीसँग आमा, बुबा, हजुरबा, हजुरआमा, ठूलोबा, ठूली आमा, काकाकाकी, मामा, माइजु, दिदी, बहिनी, दाजुभाइ, कसैसँग बोल्ने फुर्सद यिनलाई छैन । बरु खाना नभए पनि हुन्छ तर मोबाइल फोन भएन भने प्राणै जाने जस्तो देखिन्छन् । नातागोता र आफन्तीहरु सँगको चिनजानसँग कुनै मतलब छैन । मानसम्मान त कता हो कता । घरमा को आयो, गयो पत्तो छैन । एकोहोरो जस्तो मानसिक रोगले ग्रस्त पारेको हो कि लाग्ने देखियो भन्नेहरु पनि छन् । विद्यार्थीहरुको ध्यान पढाईमा छैन । अध्ययन गर्न नै चाहँदैनन् । सिकाइ भनेपछि उनीहरु टाढिन्छन् , जस्ता भनाइहरु प्रत्येकका जिब्रोमै झुण्डिएको पाइन्छ ।

२. उल्लेखित प्रकृतिका आवाज नसुनेका दिन नै छैनन् भन्दा अत्युक्ति नहोला । यस्ता भनाइहरुमा सत्यता नै नभएको भन्न सकिँदैन । मात्रात्मक रुपमा कमी बेसीका अवस्था भेट्न सकिन्छ । पछिल्ला वर्षहरुमा देखिएको सामाजिक व्यवहारमा आएको परिवर्तन हामी सबैले स्वीकार्नै पर्दछ । सबाल आजका विद्यार्थीको मात्र हैन, सबै उमेर समूह, वर्ग, तह, पेशा, वर्ण, जातजाति,धर्म र भूगोलका मानिसमा मानवीय संस्कारजन्य व्यवहारको खडेरी परेको तथ्यमा शंका छैन । अहिले स्कूले विद्यार्थी तथा ससाना बालबालिकालाई मात्र दोष थोपरेर पानी माथिको ओभानो बन्ने प्रवृत्ति हावी भएकै हो । अभिभावकलाई आफ्ना छोराछोरीसँग बसेर कुरा गर्ने, खेल्ने, उनीहरुका कुरा सुन्ने फुर्सदै देखिँदैन । केटाकेटीहरुलाई समय केका लागि दिने, उनीहरुलाई स्वतन्त्ररुपमा सिक्न दिनु पर्छ भन्ने अभिभावकहरु पनि हामीले भेटेका छौँ । प्रकृतिसँग अनि आफैँमा रमाएर केटाकेटीहरु स्वयम् सिक्दै हुर्कंदै गर्न पो उपयुक्त हुन्छ भन्ने कुरा त झनै बढी सुनिन्छ । यसमा विदेश तथा सम्पन्न मुलुकहरुको देखासिकी पनि देख्न सकिन्छ ।

३. मानवीय संस्कार मानव जातिको पहिचानसँग जोडिएको छ । यस दुनियाँका प्रत्येक प्राणीको आफ्नो मौलिक विशेषता हुन्छन् नै । पशु, पंक्षी, किरा, फट्यांग्रा, तमाम जलचर, स्थलचर, उभयचर सबै प्राणीको आआफ्ना गुण र स्वभावले भिन्न पहिचान बनेको छ । जसको आधारमा फरकफरक नामले यी जीव जगतलाई चिनाएको छ । मानव जातिको हकमा पनि यो लागु हुन्छ नै । आफ्नो परिचय स्वयम्ले कायम गर्ने हो, अरुले बनाइदिने हैन । शिक्षाले थप आभुषणको काम गर्छ । संस्कृत शिक्षा नभएर मानवीय संस्कार सकिने हैन । संस्कृतलाई प्राचीन भाषा मानिएको छ । संस्कृत शिक्षाले नैतिक शिक्षा, धर्म तथा संस्कृति एवम् चरित्र निर्माणमा थप सहयोग गर्दै आएको तथ्यमा कतै शंका छैन । मानवीय संस्कारजन्य शिक्षाको अभिभारा मात्र शिक्षण संस्थाले गर्नुपर्ने बुझाइ फेरिनु पर्दछ । यो त आम नागरिकको पहिचानसँग जोडिएको छ । समाजसँग गाँसिएको छ । अभिभावकको कर्तव्य मानिएको छ । राष्ट्रको जिम्मेवारीसँग जोडिएको छ । कुनै उमेर समूहकाले मात्र पालना गर्नुपर्ने भन्ने हैन । जीवनको अन्तिम घडीसम्म पनि मान्छेले आफ्नो पहिचान गुमाउन हुँदैन भन्ने मान्यता भुल्नु हुँदैन ।

४. मानवीय संस्कारजन्य शिक्षा मूलतः अनौपचारिक शिक्षा हो । यो त व्यक्तिको स्वभावसँग जोडिएको छ । बानी तथा आचरणसँग जोडिएको छ । नयाँ आविष्कार, खोज तथा अनुसन्धानले अति उन्नत अत्याधुनिक प्रविधिको विकास भइरहेको छ । आधुनिक मान्छे यी पछिल्ला प्रविधिसँग खेल्न अति आकर्षित र आतुर देखिन्छन् । यसलाई स्वभाविक मानिएको छ । अत्याधुनिक प्रविधिले यो सिंगो दुनियाँलाई साँगुरो, सहज, गम्य, सरल र बोध बनाएको छ । भिन्न संस्कृति, रीतिरिवाज, चालचलन, परम्परागत संस्कार, सामाजिक संरचना, जाति, धर्म, भेषभूषा, भाषा, जीवनशैली जस्ता कुरा एक वर्ग तथा समाज वा राष्ट्र राष्ट्रबीच स्थानान्तरण तथा अन्तरघुलित हुनुलाई अन्यथा भन्न सकिँदैन । मूल सरोकार भनेको मानवताको संरक्षण र संवर्द्धन अर्थात एक मान्छेमा मान्छेकै गुण र चरित्र हुनै पर्दछ भन्नेसँग जोडिएको छ । वर्तमान युग स्पार्टाकालीन समय हैन, अनि प्राचीन युनानीकालका एथेन्स निवासी डायजेनिसका व्यवहार तथा स्वभावको सिको वा नक्कल गर्ने युग र स्थानमा छैनौँ भन्ने ज्ञान हुनु अनिवार्य छ ।

५. सानै उमेरबाट राम्रा कुराहरुको बानी लगाउने र उच्च चरित्र निर्माणका अभियानहरु व्यापक प्रारम्भ भएका छन् । शिक्षण संस्थाहरुले त औपचारिक रुपमै बुक फ्रि फ्राइडे घोषणा गरेर विद्यार्थीलाई मौलिक पहिचानसन्ग जोडिएका संस्कार, चाडपर्व, रीतिरिवाज संस्कारयुक्त जीवनोपयोगी शिक्षा र सीपहरु सिकाउने अभ्यास गरिएको पाइँन्छ । दैनिक पढिने किताब अनि कक्षाकार्य र गृहकार्यको बोझका झोला बिसाएर रित्तै स्कूल गै नयाँ कुरा सिक्ने र आफ्ना प्रतिभाको प्रदर्शनसमेत गर्ने अभ्यासले विद्यार्थीवर्गमा थप उत्साह र जाँगर श्रृजना गरेको सहजै देख्न सकिन्छ । यो सराहनीय थालनी हो । यसरी मानवीय संस्कारयुक्त शिक्षालाई औपचारिक शिक्षाकै अंग बनाउने अभ्यासलाई तिनै तहका सरकार अझ विशेषगरी स्थानीय तहबाट थप प्रोत्साहन र सहयोगको अपेक्षा गरिएको छ । अनौपचारिकरुपमा भने योगाभ्यासका क्रियाकलापहरु, जीवन विज्ञानका प्रवचनरु अनि विभिन्न शीर्षकसँग जोडिएका प्रशिक्षणहरु र समुदायस्तरमा हुने आम सामाजिक क्रियाकलापमा मानवीय चरित्र निर्माणका कक्षा, नैतिक शिक्षाका दृष्टान्त, राष्ट्रप्रेमका भावना, मौलिक पहिचानका अवयवका सबालमा सैद्धान्तिक तथा व्यवहारिक कक्षा सञ्चालन हुनुलाई सकारात्मक रुपमा लिनै पर्दछ र यो अभियानलाई थप व्यापक बनाउन सम्बद्ध सरोकार वर्गको भूमिका उच्च रहन्छ ।

६. अन्त्यमा, संस्कारयुक्त जीवनोपयोगी शिक्षा आजको आवश्यकता हो भन्नेमा कसैको बिमति छैन । यो शिक्षा औपचारिक मात्र नभै अनौपचारिक शिक्षाका रुपमा समेत सञ्चालन गर्न सकिन्छ । मानवीय संस्कारजन्य शिक्षा जीवनपर्यन्त शिक्षा हो । यो शिक्षा शैक्षिक प्रमाणपत्रका घेरामा सीमित छैन भन्ने तथ्य आत्मसात् गरिनु राम्रो हुन्छ । बिगतमा अभ्यास गरिएको प्रौढ शिक्षा तथा अनौपचारिक शिक्षालाई थप परिमार्जन र पुनर्संगठित गरी नयाँ पाठ्यक्रमका साथ निरन्तरतामा जोड्न सकिन्छ । अभिभावक शिक्षाका बारेमा चर्चा सुन्नमा आएको छ । शिक्षाका कार्यक्रममा जनप्रतिनिधि तथा शिक्षाका उच्च प्रशासकबाट अभिभावक शिक्षाबारे प्रसंग उठ्नुलाई सकारात्मक भन्नै पर्दछ ।

अब, कार्यान्वयनको पक्ष महत्वपूर्ण हुन्छ नै । अभिभावक शिक्षालाई कार्यक्रममा समावेश गर्ने, जनशक्ति व्यवस्थापन गर्ने, सीप र ज्ञान दुवैलाई जोडेर सान्दर्भिक पाठ्यक्रम बनाउने, कार्यक्रमको कार्यान्वयन गर्ने र नतिजा समेत तुलना गर्ने अभ्यासमा स्थानीय तहकै विशेष भूमिका हुने भएकाले यसतर्फ सम्बन्धित जिम्मेवार तहको ध्यानाकर्षणका लागि यो आलेख बहसमा आउने अपेक्षा गरिएको छ ।

# हाम्रो मत देश र भविष्यको हस्ताक्षर हो

विशाल राज महत



*आफ्नो मतलाई हल्का नठानौँ । यो मत देश र हाम्रो भविष्यको हस्ताक्षर हो । मुलुकमा पटकपटक राजनीतिक परिवर्तन भए । व्यवस्था फेरियो, नारा फेरिए तर जनताको दैनिकी, पीडा र अपेक्षामा भने खासै परिवर्तन आएन भन्ने गुनासो आज हरेक चोक चौतारीमा सुनिन्छ । यो गुनासो भावनाको मात्र होइन, अनुभवको निचोड हो ।*

*कसैको निधारमा लेखिएको हुँदैन, ऊ असल हो कि खराब । तर उसको व्यवहारले भन्छ, उसको इतिहासले बोल्छ र वर्तमानले पुष्टि गर्छ । हिजो के गऱ्यो, आज कस्तो छ र भोलि के गर्न सक्छ ? यो अनुमान गर्न हामीलाई भविष्यवक्ता चाहिँदैन, विवेक नै काफी हुन्छ ।*

*दैनिक मदिरा सेवन गर्ने व्यक्तिको लिभर बिग्रन्छ भन्ने कुरा अनुमान होइन, निश्चित परिणाम हो । त्यस्तै, गाडी जति नै महँगो र आधुनिक किन नहोस्, यदि चालक सिकारु वा गैरजिम्मेवार भयो भने दुर्घटना अवश्य हुन्छ । देश पनि त्यही गाडी जस्तै हो । व्यवस्था र संविधान मात्र पर्याप्त हुँदैन, त्यसलाई चलाउने चालक अर्थात् नेतृत्व सही हुनुपर्छ ।*

*विचार र सिद्धान्त आफैँमा पवित्र हुन सक्छन् । तर ती विचार बोक्ने व्यक्ति नै कमजोर, स्वार्थी र अनैतिक भयो भने त्यो विचार कागजमै सीमित हुन्छ । खराब व्यक्तिबाट राम्रो नीति लागू हुने अपेक्षा गर्नु आफैँमा आत्मधोका हो ।*

*त्यसैले अब मतदान गर्दा मेरो पार्टी, आमापट्टि, बापट्टि, मितेरी साइनो हेर्ने होइन । आँखामा पट्टी बाँधेर होइन, विवेक खोलेर सोच्ने बेला आएको छ । किनकि तपाईंको एउटा मतले तपाईंको रोजगारी, तपाईंका बालबालिकाको शिक्षा, स्वास्थ्य र समग्रमा देशको भविष्यको दिशा तय गर्छ । यो चुनाव केवल सरकार बनाउने प्रक्रिया होइन, यो समृद्धिको यात्रा तय गर्ने नीति निर्माणको आधार हो । जोसमा होइन, होसमा मतदान गरौँ । भावनामा बगेर होइन, चेतनाले निर्णय गरौँ ।*

*औषधी किन्नु भन्दा बिरामी हुन नदिनु बुद्धिमानी हुन्छ । गलत नेतृत्व रोजेर पछुताउनु भन्दा सही नेतृत्व छान्नु नै साँचो देशप्रेम हो ।*

# स्मृतिमा रुपचन्द्र ..........

नाराहरु पनि २०४२ सालतिर भवानीका शिक्षक हरिहर शर्माले रुदाने र रामनारायण बिडारीलाई मेरोबारे सबै भनिदिनुभएछ । बिडारी दाइ र ज्यामिरे सिम्पानीको बर्तौलाजी पनि हुनुहुन्थ्यो । चुनियाँबाट हिँडेर टकुवा, पोडबाङ हुँदै म कहाँ आइपुग्नुभयो । हुन त रामनारायण, रुदानेलाई सभाहरुमा देख्ने गरेको थिएँ । तर व्यक्तिगतरुपमा प्रत्यक्ष भेटघाट भएको पहिलो थियो । मेरो कोठाभरि फल्याकमा कुँदिएको थाहा, फल्याकमै कुँदिएको जनमुखी नारा थिए । त्यो मेरो कुञ्जमा २ रात, बिँडारी दाइ निकै रात सुत्नुभएको थियो । २०४३ को चुनावमा रुदानेले फेरि दोस्रोपटक चुनाव जित्नुभयो । २०३८ मा पञ्चायतबिरोधी एउटा रुदानेले मात्र चुनाव जित्नुभएको थियो । ५ वर्ष पञ्चायती चुनावमा भाग लिएर पञ्चायतकै भण्डाफोर गरेपछि देशव्यापी प्रभाव पऱ्यो । २०४३ को रापस चुनावमा नेकपा माले, अरु कम्युनिष्ट र कांग्रेसले पनि भाग लिए । यिनीहरुबाट केही दर्जनले चुनाव जित्नुभयो । २०४३ वैशाख २९ गते चुनाव सम्पन्न भयो । राज्य रुदानेलाई हराउन खुब लाग्यो । पञ्चायत पक्षको उम्मेदवारलाई १५ हजार भोट भन्दा पनि रुदानेलाई हराउन सकिएन । १५ हजार भोट छापेको प्रमाण राजेन्द्र खड्गी छँदैछन् । रुदानेलाई जितेको ८ महिनापछि मंसिर महिनामा होसियार नामको पर्चा निकालेबापत जेल हालियो । जेल परेको पहिलो रात पूरै भित्ताभरि त्यही होसियार अन्य पर्चा लेख्नुभएछ । भोलि बिहान हल्लाखल्ला भो । जेलको कुनै भित्ता खाली थिएन । जेलरसहित प्रशासन जेलभित्र आयो । कसले लेखेको भनेर सोध्दा रुदानेले मैले लेखेको भन्नुभएछ । जेलरले त्यहाँ लेख्न पाइँदैन भन्नु भएछ । म जहाँ बस्छु, त्यहाँ यस्तै लेख्छु, जहाँ लेख्न मिल्छ, त्यही राख भनेपछि जेलरहरु बाहिर निस्केछन । छ महिनासम्म जस्ताको त्यस्तै थियो । पछि के गरे थाहा भएन भन्नु हुन्थ्यो । रुदानेलाई भद्रगोल जेल सुन्धारामा राखिएको थियो । केपी ओली पनि त्यही जेलमा बस्नुहुन्थ्यो । एउटै कोठा, एउटै भान्सामा छ महिना बिताउनु भयो । छ महिना जेल बसेर रुदाने छुट्नुभयो । रुदाने २०४४ वैशाखमा छुट्नु भयो ।

मकवानपुरका ४३ गाउँपञ्चायतमा जनमुखी सभा राख्नुभयो । पञ्चायतबिरोधी जनमत वृद्धि हुँदै थियो । सरकारको दमन बढ्दैथियो । २०४४ चैतमा साविक कालिकाटार-२ ताप्केबिँडमा गाउँस्तरको ठूलो जनमुखी सभा भयो । त्यो चौरमा विद्यालय पनि त्यही थियो । त्यस विद्यालयका हेडसर शर्मा र सहायक शिक्षक शिवहरि सुवेदीलाई फाखेल सरुवा गरियो । विद्यालय सञ्चालक समितिलाई सिडियो कार्यालयमा हाजिर गरी तारिखमा छोडियो । साविक कालिकाटार वडा नं. २ को वडा अध्यक्ष गोविन्द रिजाल पनि त्यही सभाको वक्ता हुनुहुन्थ्यो ।

पञ्चायतको बिरोध गरेबापत उहाँलाई मकवानपुर जिल्ला अदालतमा झुट्टा मुद्दा लगाइयो । अदालतको म्याद बुझेपछि गोविन्द दाइ र म हेटौँडा आयौँ । रुदानेलाई भेट्यौँ, मुद्दाको मिसिल पढ्नुभयो अनि रामनारायण बिँडारी दाइको जनमुखी वकिलको कार्यालयमा सम्पूर्ण निःशुल्क सेवा दिनुभयो । मुद्दाको साक्षी चन्द्रकृष्ण रिजाल, हरिगोपाल रिमाल र मैले बोकेका थियौँ । मुद्दा हामीले जित्यौँ । रुदानेलाई राष्ट्रिय पञ्चायतले तलब भत्ता दिएको दिन भूमिगत कम्युनिष्ट नेताहरु क. निर्मल लामा, क. सोनाम साथी, क.भक्तबहादुर श्रेष्ठ, क. नारायणमान बिजुक्छेलाई केही पैसा दिनुहुन्थ्यो । केपी ओलीलाई मन पर्ने खानेकुरा किनेर पठाउनुहुन्थ्यो । पुऱ्याउने मान्छे निवर्तमान मनहरी गाउँपालिका अध्यक्ष एकराज उप्रेती, त्यसबेला उहाँ रुदानेसँगै बसेर पढ्नुहुन्थ्यो । कालीमाटी, सोल्टीमोडबाट भद्रगोल जेल सुन्धारासम्म खाने सामान काँधमा बोकेर हिँडेर पुऱ्याउनु, पठाउनु हुन्थ्यो । २०४६-४७ मा बहुदल आएपछि ४७ सालमा हेटौँडाको हुप्रचौरमा बिशाल जनमुखी सभा भयो । सभाका वक्ताहरु बल बिष्ट, बिडारी, विश्वकान्ति कलावती, अशोक बानियाँ हुनुहुन्थ्यो । सभा सञ्चालन अजेयराज सुमार्गीले गर्नुभयो । मैले स्वागत भाषण गरेको थिएँ । रुदानेले सभामा नेकपा एमालेमा केपी ओली क्षमतावान असल नेता छन् भन्नुभयो । रामनारायण बिडारी सम्पादक भएर छापिएको किताबमा ओलीले लामो लेख लेख्नुभएको थियो । लेखमा रुपचन्द्र बिष्ट महामानव तर देशले समयमा चिन्न सकेन भनेर लेख्नुभएको छ ।

(नरेन्द्र रिजाल हाल नेकपा एमालेमा क्रियाशील नेता हुन्)

# मकवानपुर-१,

मकवानपुरमा चुरे संरक्षण, सडक सञ्जाल निर्माणका यावत् सपना आज साकार भएर मकवानपुरका स्थानीय तहबाट बसाइँ सरेर हेटौँडामा घर बनाउन पर्दैन, एकाध घण्टामा सबै भूगोलमा पुग्न सकिन्छ भन्ने भाष्य बनाएको सडक सञ्जाल विस्तारको सपना चैं रानाको जिविसकालनी योजना हो । हेटौँडा-भीमफेदी-हुमाने-दक्षिणकाली सडकले आज नेपालकै चितवनदेखि सर्लाहीसम्म र भारतका नागरिकलाई ४ घण्टामै काठमाडौँ पुग्ने अवस्था बनाएको छ । यो सडकको परिकल्पनाकार पनि राना हुन् ।

मकवानपुरको एकीकृत विकासको अवधारणा उनको हो । चीन, भारत, बंगलादेशलगायतका मुलुक पुगेर विकासलाई नजिकबाट नियालेका तर पछिल्लो दुई दशक राजनीतिक लाभको कुनै पदमा नरही निरन्तर एमाले निर्माणमा लागेका उनी यसपटक मकवानपुरमा उम्मेदवार मात्र होइनन्, आफैँ मकवानपुरको दुवै निर्वाचन क्षेत्रमा एमाले जिताउने अभियानका कमाण्डर पनि हुन् ।

उनको नेतृत्वमा २ हजार २५ सदस्यीय निर्वाचन परिचालन समिति गठन भएको छ । एमाले मकवानपुर इन्चार्ज तथा प्रतिनिधिसभाका उम्मेदवार रामेश्वर रानाको संयोजकत्वमा गठित २ हजार २५ सदस्यीय प्रतिनिधिसभा निर्वाचन परिचालन समितिमा सचिवमा एमाले मकवानपुर उपाध्यक्ष हिदम लामा छन् ।

यता, नेपाली कांग्रेस निर्माणमा अहोरात्र क्रियाशील महालक्ष्मी उपाध्याय डिना मकवानपुरमा २०४८ सालदेखि टिकट पाउने कांग्रेस नेतृ हुन् । विशेष महाधिवेशनअघिसम्म कांग्रेसको टप पोर्टफोलियो पोजिसनमा रहेकी डिना २०६४ मै ऊर्जा राज्यमन्त्री भएकी थिइन् ।

उनी नेपाली कांग्रेसकी सहमहामन्त्री थिइन् । २०७९ मा कांग्रेस माओवादी समाजवादी गठबन्धनबाट मकवानपुर-१ मा उठेकी उनी बलियो मत हुँदा पनि कमजोर साबित भइन् । नेपाली कांग्रेसको आन्तरिक राजनीतिले उनको पराजय भएको भनेर कांग्रेसमा उजुरी पनि परेको थियो । अहिले कांग्रेस विशेष महाधिवेशनबाट तंग्रिएर उठ्दा पनि लुकाउन नसकिएको मकवानपुर कांग्रेसको आन्तरिक राजनीतिको खिचातानीका दुई ध्रुव डिना र इन्द्रबहादुर बानियाँको तनावले पनि डिना हारेको बताइएको थियो । विशेष महाधिवेशनपछि दुवै नेताले हात समातेर मिलेको तस्बिर त सञ्जालमा सञ्चार गरेका छन्, तर मन चैं मिलेको हो कि होइन, मकवानपुर कांग्रेसमै संशय देखिन्छ । कतै बानियाँले डिनालाई नहेरेको त कतै डिनाले बानियाँलाई नहेरेको 'कटमिरा तस्बिर'ले अझै मन नखुलेको हो कि भनेर कांग्रेसजन नै चिन्तन् गर्छन् ।

२०७९ को निर्वाचनमा मकवानपुर-२ मा चेलाले गुरुलाई हराए भन्ने भाष्य बनाए विरोध खतिवडालाई हराएर महेश बर्तौलाले । यस्तै जीवनभर साथ दिएर अघि बढाउँदा पनि एमालेको सूर्य चिन्ह लिएर कमल थापा उठेपछि उनकै अनुयायी बनेर साथ दिएका दीपकबहादुर सिंहले पनि राजनीतिक गुरु कमल थापालाई हराइदिए । दुई पटक राजेन्द्र लिङ्देन आएर सिंहका लागि मत मागिदिए । उनी बीचमा २०६४ मै डिना राज्यमन्त्री भएको ऊर्जा राज्यमन्त्री पनि केही समय भए । 'आधा कार्यकालमै संसद विघटन भयो, बाँकी काम गर्न जनतामा आएको छु,' उनले भने, 'मेरो पालामा विकास निकै भएको छ, सबैलाई भएको छ, १५ मत दिने वडामा पनि करोडौँ बजेट लगेको छु, आधा कार्यकाल त बाँकी थियो, त्यही भएर उम्मेदवार भएको छु ।' कुनै बेला एमालेपछि बलियो शक्ति रहेको राप्रपा पछिल्लो समय छिन्नभिन्न भएको छ । यसलाई समेटेर फेरि डिना र रामेश्वर रानाजस्ता अनुभवी र बलियो संगठन भएका पार्टी नेतासँग सिंहको स्पर्धा छ । अर्कोतिर नेकपाका युवा उम्मेदवार विजय गौतम बकैयाकै भूगोलको भएको र रास्वपाले पनि मकवानपुरमा २०७९ मै समानुपातिकमा राप्रपालाई तल पार्दै तेस्रो हैसियत बनाएकाले सिंहलाई यसपटक नयाँ र पुराना सबैसँग उत्तै उत्रिएर जित निकाल्ने चुनौती छ ।

यी ३ उम्मेदवारसँग टक्करमा आएका नेकपाका केन्द्रीय सदस्य एवम् युवा उम्मेदवार विजय गौतम माओवादी कांग्रेसको गठबन्धनले कैयौं वडा र पालिकामा तत्कालीन नेकपाको उम्मेदवारको मत कांग्रेसमा परेका कारण पनि मत कम देखिएको बताउँछन् । उनी भन्छन्,'समयले नयाँ मागेको हो भने मकवानपुरको भूगोललाई नै विकासको दृष्टि अघि बढाउन सक्ने पहुँच, क्षमता, हैसियत भएका अनुहार जनताले छान्नेछन् भन्नेमा ढुक्क छु ।' उनी २०६२-६३ को आन्दोलनमा विद्यार्थी राजनीतिबाट उदाएका अनुहार हुन् । पछिल्लो समय नेकपा माओवादी केन्द्र मकवानपुरको इन्चार्ज हुन् भने अहिले नेकपा केन्द्रीय सदस्य हुन् । भन्छन्, 'मतदातासँग घरदैलोमा पुगेको छु, पछिल्लो २ वर्ष मकवानपुरमै रहेकाले मतदातासँग अन्तरक्रियामै छु ।'

यस्तै, प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा)का रमेश उप्रेती 'तेज' पनि मकवानपुर-१ का जनतासँग घरदैलोमा सरिक छन् । भन्छन्, 'विकासमा सुशासनको दृष्टिले अनुगमन नहुँदा जनतामा वितृष्णा देखिएको हो, हामी यही मुद्दा लिएर जनतामा गएका छौं ।'

राष्ट्रिय स्वतन्त्र पार्टीका प्रकाश गौतम, उज्यालो नेपाल पार्टीका सुरेन्द्र लामा र श्रम संस्कृति पार्टीकी विद्या श्रेष्ठ यो क्षेत्रमा हेभिवेट र पुराना भन्नेलाई टक्कर दिने उम्मेदवार हुन् ।

### २०७९ को फ्लासब्याक

२०७९ मा मकवानपुर-१ मा राप्रपाका दीपकबहादुर सिंहले २ हजार ३ सय ९३ मत बढी ल्याएर कांग्रेस उम्मेदवार महालक्ष्मी उपाध्याय र एमाले उम्मेदवार कमल थापालाई पराजित गरेका थिए । ९१ हजार ५ सय ८३ मत खसेकामा विजयी सिंहले २७ हजार ८ सय १६ हजार मत पाएका थिए । निकटतम प्रतिद्वन्द्वी सत्तारुढ गठबन्धन उम्मेदवार डिनाले २५ हजार ४ सय २३ मत ल्याउँदा एमालेको चुनाव चिन्हबाट उम्मेदवार बनेका थापाले २५ हजार ४ सय २० मत ल्याएका थिए ।

यसपटक भने पूर्वी मकवानपुरको बागमती गाउँपालिकाका ९, बकैया गाउँपालिकाका १२, मकवानपुर गढी गाउँपालिकाका ४ र हेटौँडा उपमहानगर पालिकाका १५ वडासहित ४० वडाका १ लाख ५९ हजारको हाराहारीमा मतदाता छन् । २०७९ को स्थानीय तह निर्वाचनमा हेटौँडाका वडाहरुमा एमाले र कांग्रेसको उस्तै उस्तै जित छ भने गठबन्धनबाट नेकपा र नेपाली कांग्रेसको मेयर र उपमेयर विजित छन् । बागमती, बकैया, मकवानपुर गढीमामा माओवादी र कांग्रेसकै अध्यक्ष उपाध्यक्ष विजित छन् ।

प्रतिनिधिसभामा प्रत्यक्षतर्फ नेकपा एमाले र राप्रपाले १(१ सिट जितेको मकवानपुरमा समानुपातिकमा भने एमाले पहिलो दल बनेको थियो । समानुपातिकमा एमालेले मकवानपुर-१ बाट २२ हजार ६ सय ११ मत पाउँदा मकवानपुर-२ बाट २८ हजार १ सय ९६ मत पाएर ५० हजार ८ सय ७ मत पाउँदै पहिलो दल बनेको थियो ।

कांग्रेसले मकवानपुर-१ र २ बाट ३६ हजार २ सय ६४ मत पाएर दोस्रो र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले २९ हजार ८ सय ८९ मत पाएर तेस्रो भएको थियो । नेकपा माओवादी केन्द्रले कांग्रेसको बलमा स्थानीय तहरु जिते पनि प्रतिनिधि सभाको समानुपातिक मत भने २६ हजार १ सय ३३ मा सीमित भएर चौथो भएको थियो । प्रतिनिधि सभामा एक सिट जिते पनि राष्ट्रिय प्रजातन्त्र पार्टी समानुपातिकमा पाँचौं भएर १६ हजार ७ सय ७१ मतमा समेटिएको थियो । समानुपातिकमा पहिलो बनेको एमाले यसपटक सबैको आआफ्नै प्रतिस्पर्धमा मकवानपुरमा बलियो र पहिलो दलको मान्यताका लागि उत्साहित भएको र एक्लाएक्लै लड्दा एमालेलाई सहज हुने उपाध्यक्ष हिदम लामा बताउँछन् ।

### स्थानीय तह निर्वाचनको परिणाम

### १. हेटौँडा उपमहानगरपालिका

१९ वटा वडा रहेको हेटौँडा उपमहानगरपालिकामा स्थानीय तह निर्वाचन २०७९ मा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) उम्मेदवार मीना कुमारी लामा २३ हजार ७५ मत ल्याई विजयी भएकी थिइन् भने निकटतम प्रतिद्वन्द्वी नेपाल कम्युनिष्ट पार्टी (एमाले) उम्मेदवार अनन्त प्रसाद पौडेल २ हजार १ सय ६७ मतले पछि परेका थिए । उनले २० हजार ९ सय ८ मत पाएका थिए ।

उपप्रमुखमा नेपाली कांग्रेसका उम्मेदवार राजेश बानियाँ ३२ हजार ५ सय ९३ मतसहित विजयी हुँदा निकटतम प्रतिद्वन्द्वी नेपाल कम्युनिष्ट पार्टी (एमाले)की उम्मेदवार सुमित्रा काफ्ले २३ हजार ९ सय ९ मतमा रोकिएकी थिइन् । १९ वडामध्ये चार वडा १, ३, ११ र १९ निर्वाचन क्षेत्र नम्बर २ मा पर्छ भने बाँकी १५ वटा वडा निर्वाचन क्षेत्र नम्बर १ मा पर्छ ।

### वडागत हिसाबमा

वडा नम्बर २ मा कांग्रेसले १ हजार २ सय ५८ मत पाउँदा एमालेले ८ सय ७४ मत पाएको थियो । राप्रपा ५ सय ५६ मतमा रोकिएको थियो ।

वडा नम्बर ४ मा एमालेले २ हजार १ सय १२ मत ल्याउँदा कांग्रेस २ हजार २३ मतमा रोकिएको थियो । राप्रपा ५ सय ३३ मतमा समेटिएको थियो ।

वडा नम्बर ५ मा एमालेले २ हजार ५ सय ३० मत पाउँदा कांग्रेस १ हजार ३ सय ९० मतमा समेटिएको थियो । राप्रपा ३ सय २५ मतमा अड्किएको थियो ।

वडा नम्बर ६ मा कांग्रेस १ हजार १ सय ८१ मतमा विजयी हुँदा एमाले १ हजार १ सय ४८ मा समेटिएको थियो । राप्रपा ७ सय ५७ र माओवादी २ सय ४९ मतमा समेटिएको थियो ।

वडा नम्बर ७ मा कांग्रेस १ हजार ४ सय ९० मतमा समेटिँदा एमाले एक हजार ३ सय ४९ मतमा थियो ।

वडा नम्बर ८ मा कांग्रेस २ हजार २ सय १३ मतमा हुँदा एमाले १ हजार ९ सय ६८ मतमा थियो ।

वडा नम्बर ९ मा नेकपा एस २ हजार ३ सय ४५ मतले विजयी हुँदा एमाले १ हजार ३ सय ६९ र राप्रपा २ सय ८८ मतमा थियो ।

वडा नम्बर १० मा एमाले ९ सय ७२ मतले विजयी हुँदा कांग्रेस ६ सय ८४ मतमा थियो, माओवादी ३ सय ८ र राप्रपा २ सय ४० मा सीमित भयो ।

वडा नम्बर १२ मा माओवादीले १ हजार ३ सय ७१ मत पाएको थियो र कांग्रेसले १ हजार ३ सय ४० मत ल्याउँदा एमाले १ हजार ३ सय २५ र राप्रपा १ सय ८३ मा सीमित भएको थियो । पछि यहाँ भएको उपनिर्वाचनमा कांग्रेसका अर्जुन तिवारीले २ हजार ६३ मत पाए । माओवादी ५ सय ३ र एमाले १ हजार ३ सय ९८ मतमा समेटिँदा राप्रपा १ सय ७८ मतमा झर्‍यो ।

वडा नम्बर १३ मा एमालेको १ हजार ३ सय १५ मत छ । कांग्रेस १ हजार २ सय ५६ मतमा रहँदा माओवादी ८ सय ६४ र राप्रपा २ सय २० मतमा सीमित छ ।

वडा नम्बर १४ मा एमालेको १ हजार ७ सय ९३ मत हुँदा माओवादी १ हजार १ सय ४५ मतमा सीमित छ । राप्रपाको १३ मत छ ।

वडा नम्बर १५ मा एमालेको २ हजार ४ सय ९१ मत हुँदा कांग्रेसको १ हजार ५ सय १७ मत छ । राप्रपा ५९ मतमा छ ।

वडा नम्बर १६ मा कांग्रेस २ हजार ४ सय ३८ मा रहँदा एमाले १ हजार ९० मतमा र राप्रपा ४२ मतमा सीमित छ ।

वडा नम्बर १७ मा कांग्रेसको १ हजार ३ सय १४ मत हुँदा एमालेको १ हजार १ सय ३६ मत छ । माओवादी ८ सय ८० र राप्रपा १ सय ९६ मतमा सीमित छ ।

वडा नम्बर १८ मा एमाले १ हजार ८ सय ९८ मतमा रहँदा कांग्रेस १ हजार ७ सय २० मतमा सीमित छ । राप्रपा ९२ मतमा अडिएको छ ।

वडागत हिसाबमा एमालेले हेटौँडाको १५ वटा वडामा २३ हजार ३ सय ४० मत संग्रहित गरेको छ । मेयरका उम्मेदवारले २१ हजार पनि मत कटाएका छैनन् । कांग्रेसले १९ हजार ८ सय २४ मत पाएको छ । उपमेयरमा भने निकै मत पाउँदा वडाअध्यक्षका उम्मेदवारहरुको मत यतिमै सीमित छ । माओवादी अर्थात् अहिलेको नेकपा र राप्रपा हेटौँडामा निकै कमजोर देखिएको छ ।

नेकपा एमाले हेटौँडा उपमहानगर अध्यक्ष बोलबहादुर कार्की भन्छन्, '२०७९ को मत मात्रै संरक्षण गर्दा पनि एमालेका लागि परिस्थिति निकै सहज छ ।'

### २. बागमती गाउँपालिका

स्थानीय तह निर्वाचन २०७९ मा मकवानपुरको बागमती गाउँपालिकामा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) उम्मेदवार सर्केश घलान ७ हजार ३ सय ८४ मत ल्याएर विजयी भएका थिए । निकटतम प्रतिद्वन्द्वी नेपाल कम्युनिष्ट पार्टी (एमाले) उम्मेदवार खेमराज जर्गा मगर १ हजार २ सय १८ मतले पछि परेर दोस्रो भएका थिए । उनले ६ हजार १ सय ६६ मत ल्याएका थिए ।

उपाध्यक्षमा नेपाली कांग्रेसका उम्मेदवार फणिन्द्रकुमार तिमल्सिना ७ हजार ९ सय ३५ मत सहित विजयी भए । निकटतम प्रतिद्वन्द्वी नेपाल कम्युनिष्ट पार्टी (एमाले)की उम्मेदवार भगमाया स्याङ्तान ४ हजार ६ सय ६९ मतमा समेटिइन् । कांग्रेस माओवादी गठबन्धन र एमाले एक्लै चुनाव लडेको हो ।

### वडागत हिसाब

बागमतीको वडा नम्बर १ मा माओवादी बलियो छ । उसले ७ सय ३६ मत ल्याउँदा कांग्रेस ६ सय २७ र एमाले २९५ मतमा अडिएको थियो । यस्तै, २ नम्बर वडामा माओवादीकै ८ सय ३२ मत आउँदा कांग्रेस ७ सय ७ मत र एमाले ३ सय ९३ मतमा रोकिएको थियो ।

वडा नम्बर ३ मा माओवादीले ४ सय १७ मत ल्याउँदा एमाले ४ सय १० मतमा अडिएको थियो । कांग्रेसको १ सय ५४ मत थियो ।

वडा नम्बर ४ मा माओवादीले ८ सय ४४ मत ल्याउँदा कांग्रेस ४ सय १२ मतमा रोकिएको थियो । एमाले ३ सय ५० मतमा अडिएको थियो ।

वडा नम्बर ५ मा माओवादी ६ सय ४७ मत ल्याएर विजयी हुँदा एमाले ५ सय ४० मतमा दोस्रो भएको थियो भने कांग्रेस ४ सय १६ मतमा समेटिएको थियो ।

वडा नम्बर ६ मा एमालेले ७ सय ६ मत ल्याउँदा माओवादी ६ सय ७५ मतमा रोकिएको थियो कांग्रेस ३ सय ३४ मतमा सीमित थियो ।

वडा नम्बर ७ मा कांग्रेसले ५ सय २१ मत ल्याउँदा एमाले ५ सय ८३ मतको टक्करमा थियो । माओवादी ५ सय ६५ मतमा समेटिएको थियो ।

वडा नम्बर ८ मा एमालेले ६ सय ६५ मत ल्याउँदा माओवादी ६ सय ४९ मतले टक्करमा हुँदा कांग्रेस ३ सय ७५ मतमा सीमिति थियो ।

वडा नम्बर ९ मा एमाले ८ सय २३ मतले विजयी हुँदा माओपादी ६ सय ६७ मतमा दोस्रो थियो । कांग्रेस ३ सय ९३ मा सीमित थियो । प्रतिनिधि सभा जितेको राप्रपा भने नगन्य देखिएको थियो ।

वडाध्यक्षको जितको हिसाबमा माओवादीले ६ हजार १ सय ८८ मत पाएको थियो । जबकि पालिका अध्यक्षले ७ हजार ३ सय ८४ मत पाएर जितेका थिए ।

यस्तै, नेकपा एमालेले वडाध्यक्षमा जम्मा ३ हजार ५ सय ९९ पाएको थियो जबकि अध्यक्षमा ६ हजार १ सय ६६ मत थियो । कांग्रेसले वडाध्यक्षहरुको मतमा ४ हजार ३९ मत पाएको थियो । यो पालिकामा माओवादी निकै बलियो थियो र कांग्रेससँगको गठबन्धनले एमाले कमजोर देखिएको थियो ।

### ३. बकैया गाउँपालिका

स्थानीय तह निर्वाचन २०७९ मा बकैया गाउँपालिका अध्यक्षमा नेपाली कांग्रेस उम्मेदवार धर्मराज लामिछाने ११ हजार २ सय ९२ मत ल्याएर विजयी भएका थिए । निकटतम प्रतिद्वन्द्वी नेपाल कम्युनिष्ट पार्टी (एमाले) उम्मेदवार सरला बोलखे ४ हजार २ सय २६ मतान्तरले पराजित भइन् । बोलखे ७ हजार ६६ मतमा रोकिइन् ।

यस्तै उपाध्यक्षमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का उम्मेदवार भक्तबहादुर खत्री ९ हजार ५ सय २२ मत ल्याएर विजयी हुँदा निकटतम प्रतिद्वन्द्वी नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उम्मेदवार लालबहादुर स्याङ्तान ७ हजार ६ सय ५२ मतमा रोकिए । कांग्रेस माओवादी गठबन्धनले एमाले पराजित गरेको हो ।

### वडागत हिसाबमा

यहाँ वडा नम्बर १ मा माओवादीले ७ सय १६ मत ल्याउँदा एमाले ४ सय ४६ मतमा अडिएको थियो । कांग्रेस ३ सय ८ र राप्रपा ११ मतमा रोकिएको थियो ।

वडा नम्बर २ मा माओवादीले ३ सय ६० मत ल्याउँदा कांग्रेस ३ सय ५५ र एमाले ३ सय १५ मतमा रोकिएको थियो । राप्रपाको २ मत आएको थियो ।

वडा नम्बर ३ मा एमालेको १ हजार ४० मत आउँदा कांग्रेसको ८ सय ८८, माओवादीको २८ र राप्रपाको १६ मत आएको थियो ।

यस्तै, वडा नम्बर ४ मा एमालेको १ हजार १ सय ११ मत आउँदा माओवादीको ७ सय ८९ मत र कांग्रेसको ६ सय ५६ मत आउँदा राप्रपाको ३८ मत आएको थियो ।

वडा नम्बर ५ मा कांग्रेसको ८ सय ९३ मत आउँदा एमालेको ६ सय १५ मत र माओवादीको २ सय २३ मत आउँदा राप्रपाले २ सय १ मत ल्याएको थियो ।

वडा नम्बर ६ मा एमालेले ८ सय ३४ मत ल्याउँदा कांग्रेसले ५ सय ३६, माओवादीले ४ सय ३९ मत ल्याएको थियो ।

वडा नम्बर ७ मा माओवादीले ९ सय ८६ मत ल्याउँदा कांग्रेसले ८ सय २९, एमालेले ७ सय ८ र राप्रपाले ८० मत ल्याएको थियो ।

वडा नम्बर ८ मा माओवादीले ६ सय ३३, कांग्रेसले ५ सय ८२, एमालेले ५ सय २३ मत ल्याउँदा राप्रपा ५ मतमा अडिएको थियो ।

वडा नम्बर ९ मा कांग्रेस ७ सय ३२ मतले विजयी हुँदा एमाले ४ सय ४९ र माओवादी ४ सय २२ मतमा सीमित थियो ।

वडा नम्बर १० मा कांग्रेस ७ सय ८२ मतले विजयी हुँदा एमाले ४ सय ६४ र राप्रपा ३२ मतमा सीमित थियो ।

वडा नम्बर ११ मा कांग्रेस ७ सय ६० मतमा विजयी हुँदा एमाले ३ सय २३ र माओवादी १ सय २५ मतमा सीमित थियो । वडा नम्बर १२ मा कांग्रेस ५ सय १९ ले विजयी हुँदा एमाले ५ सय १० मत र राप्रपा १२ मतमा सीमित थियो ।

वडागत हिसाबमा एमालेले ७ हजार ६ सय ३८ मत पाएको छ । जबकि पालिका अध्यक्ष र उपाध्यक्षमा उसले पाएको मत ७ हजार ६६ र ७ हजार ६ सय ५२ छ अर्थात् एमालेको संगठित मत यहाँ स्थिर देखिएको छ । कांग्रेसले वडागत हिसाबमा ७ हजार ८ ४० मत पाएको छ । तर पालिका अध्यक्षले ११ हजार भन्दा बढी मत पाएका छन् । कांग्रेसलाई वडामा पनि समर्थन गरेकाले वडागत हिसाबमा माओवादीको मत जम्मा ४ हजार ७ सय ९१ देखिएको छ जबकि उपाध्यक्षले पालिकामा ९ हजार ५ सय २२ मत ल्याएका छन् । यहाँ अध्यक्षमा एमालेको र अरु पदमा कांग्रेस-माओवादीको मत अरुतिर गाभिएको एमालेको पनि अनुमान छ ।

### ४. मकवानपुर गढी

आठ वटा वडा रहेको मकवानपुर गढी गाउँपालिकाका वडा नम्बर १, २, ३ र ४ नम्बर मात्रै निवाचन क्षेत्र नम्बर १ मा पर्दछ । स्थानीय तह निर्वाचन २०७९ मा मकवानपुरगढी गाउँपालिका अध्यक्षमा नेपाली कांग्रेस उम्मेदवार दोर्जे लामा स्याङ्तान ६ हजार ७ सय ६ मत ल्याएर विजयी भएका थिए ।

निकटतम प्रतिद्वन्द्वी नेपाल कम्युनिष्ट पार्टी (एमाले) उम्मेदवार विदुर हुमागाई १ हजार ६१ मतान्तरले पराजित हुँदै ५ हजार ६ सय ४५ मतमा अडिए ।

उपाध्यक्षमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)की उम्मेदवार मानकुमारी पाखिन (नेपाली) ६ हजार १ सय १० मतसहित विजयी हुँदा निकटतम प्रतिद्वन्द्वी नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उम्मेदवार सन्तु थिङ ५ हजार २ सय ४ मतमा समेटिइन् ।

बाँकी पृष्ठ ६ मा........

## जाडोबाट जेष्ठ नागरिक र बालबालिकाको सुरक्षा

**प्रमुख सावधानीहरू**
१. न्यानो कपडा, टोपी, पञ्जा, मोजा अनिवार्य गरौं ।
२. घाम ताप्ने, हल्का व्यायम गर्ने बानी बसालौं ।
३. अत्याधिक चिसोमा बिहान साँझ बाहिर ननिस्कौं ।
४. भिजेका कपडा तुरुन्तै फेरेर सरिर सुकाऔं ।
जेष्ठ नागरिकका लागि बिशेष ध्यान
१. लामो समय चिसोमा बस्न नदिनुहोस् ।
२. नियमित औषधी समयमा सेवन भएको सुनिश्चित गर्नुहोस् ।
३. बढी चिसो वा ज्वरो आएमा स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस् ।
४. तातोपानी, झोलिलो खाना, न्यानो बसोबासको व्यवस्था गर्नुहोस् ।
**बालबालिकालाई जोगाउने तरिका**
१. न्यानो र सफा कपडा लगाइदिनुहोस् ।
२. नवजात शिशुको बिषेश सुरक्षा, चिसो हावा सिधै लाग्न नदिने व्यवस्था ।
३. तातो पोचिलो खाना र पर्याप्त तातोपानी खान दिनुहोस् ।
४. खोकी, ज्वरो वा सास फेर्न गाह्रो भएमा तुरुन्त स्वास्थ्यकर्मीलाई सम्पर्क गर्नुहोस् ।
**घरभित्र ध्यान दिनुपर्ने कुराहरू**
१. न्यानो र हावा पास हुने व्यवस्था मिलाउनुहोस् ।
२. हिटर अंगिठी सुरक्षित प्रयोग गर्नुहोस् ।
३. धुवा धुलोबाट जोगाउने उपाय अपनाऔं ।
**आपतकालिन अवस्था**
१. शरिर अत्याधिक चिसो हुनु, ज्वरो नझर्नु, सास फेर्न गाह्रो हुने, बेहोस जस्तो हुने देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस् ।

हेटौंडा उपमहानगरपालिका
०२ नं. वडा कार्यालय
हेटौंडा, मकवानपुर

## जाडोबाट जेष्ठ नागरिक र बालबालिकाको सुरक्षा

**प्रमुख सावधानीहरू**
१. न्यानो कपडा, टोपी, पञ्जा, मोजा अनिवार्य गरौं ।
२. घाम ताप्ने, हल्का व्यायम गर्ने बानी बसालौं ।
३. अत्याधिक चिसोमा बिहान साँझ बाहिर ननिस्कौं ।
४. भिजेका कपडा तुरुन्तै फेरेर सरिर सुकाऔं ।
जेष्ठ नागरिकका लागि बिशेष ध्यान
१. लामो समय चिसोमा बस्न नदिनुहोस् ।
२. नियमित औषधी समयमा सेवन भएको सुनिश्चित गर्नुहोस् ।
३. बढी चिसो वा ज्वरो आएमा स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस् ।
४. तातोपानी, झोलिलो खाना, न्यानो बसोबासको व्यवस्था गर्नुहोस् ।
**बालबालिकालाई जोगाउने तरिका**
१. न्यानो र सफा कपडा लगाइदिनुहोस् ।
२. नवजात शिशुको बिषेश सुरक्षा, चिसो हावा सिधै लाग्न नदिने व्यवस्था ।
३. तातो पोचिलो खाना र पर्याप्त तातोपानी खान दिनुहोस् ।
४. खोकी, ज्वरो वा सास फेर्न गाह्रो भएमा तुरुन्त स्वास्थ्यकर्मीलाई सम्पर्क गर्नुहोस् ।
**घरभित्र ध्यान दिनुपर्ने कुराहरू**
१. न्यानो र हावा पास हुने व्यवस्था मिलाउनुहोस् ।
२. हिटर अंगिठी सुरक्षित प्रयोग गर्नुहोस् ।
३. धुवा धुलोबाट जोगाउने उपाय अपनाऔं ।
**आपतकालिन अवस्था**
१. शरिर अत्याधिक चिसो हुनु, ज्वरो नझर्नु, सास फेर्न गाह्रो हुने, बेहोस जस्तो हुने देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस् ।

हेटौंडा उपमहानगरपालिका
०१ नं. वडा कार्यालय
हेटौंडा, मकवानपुर

तपाई हेटौंडामा १०० रुपैयामै खाना खाने ठाउँ खोजिरहनुभएको छ ?
भट्टी चुलो छँदै छ नि ।


यहाँ फेजीमा सेकुवा, बोकाको मासुको परिकार, माछा टिंडी, भट्टी सेकुवा लगायतका परिकारहरू हरुपनि पाइन्छ ।
भट्टी चुलो, हेटौंडा-०४ हुप्रचौर
९७४५३२१७०७

# मकवानपुर-१,

**वडागत हिसाबमा**

मकवानपुर गढी वडा नम्बर १ मा कांग्रेसले ७ सय ९३ मत पाउँदा एमालेले ४ सय ९ मत पाएको छ। माओपादीको मत १ सय ६५ छ। वडा नम्बर २ मा कांग्रेसले १ हजार ज्ञ सय ७१ मत पाउँदा एमाले ५ सय ९७ मतमा रोकिएको छ। माओवादीको ३ सय ३७ मत छ।

वडा नम्बर ३ मा एमालेको ९ सय ४३ मत आउँदा नेकपा एकीकृत समाजवादीले ८ सय ८६ मत पाएको थियो। वडा नम्बर ४ मा एमालेले ६ सय ३४ मत ल्याउँदा माओवादी ४ सय ७० मत र कांग्रेस ३सय ९६ मतमा रोकिएको थियो। यहाँ कांग्रेस माओवादी गठबन्धन थियो र पालिकाको आधा भूगोल अर्को निर्वाचन क्षेत्रमा परेको छ।

**आफैंलाई मत दिन पाउँदैनन्**

निर्वाचनमा होमिएका उम्मेदवारहरु आफैंलाई मत दिन नपाउने धेरै छन्। नेपाली कांग्रेसबाट मकवानपुर(१ को उम्मेदवार बनेकी महालक्ष्मी उपाध्याय डिना, नेकपा एमालेका उम्मेदवार रामेश्वर राना, प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) का उम्मेदवार तेजप्रसाद उप्रेती (रमेश) उम्मेदवार भए पनि मत दिन पाउँदैनन्। श्रम संस्कृति पार्टीकी विद्या श्रेष्ठ, मजदुर किसान पार्टी (नेमकिपा) कि रञ्जना सुवाल पनि मकवानपुर(१ का मतदाता होइनन्।

**मकवानपुर-१ का उम्मेदवारहरु**

१. महालक्ष्मी उपाध्याय 'डिन'-(नेपाली कांग्रेस
२. रामेश्वर राना-नेकपा एमाले
३. विजय गौतम- नेपाली कम्युनिष्ट पार्टी (नेकपा)
४. दीपकबहादुर सिंह-राप्रपा
५. प्रकाश गौतम-रास्वपा
६. विद्या श्रेष्ठ महर्जन-श्रम संस्कृति पार्टी
७.सुरेन्द्र लामा-उज्यालो नेपाल पार्टी
८. तेजप्रसाद उप्रेती (रमेश)-प्रगतिशील लोकतान्त्रिक पार्टी
९. रञ्जना सुवाल-नेमकिपा
१०. महेश नेपाली-नेकपा माओवादी
११. रुपक लामा-जसपा नेपाल
१२. दीपक सिलवाल-जनता समाजवादी पार्टी
१३. युवराज स्याङ्तान-नेशनल मंगोल अर्गनाइजेशन
१४. अमर दंगाल-स्वतन्त्र उम्मेदवार
१५.अमिक परिवार-स्वतन्त्र उम्मेदवार
१६.टिकाप्रसाद चौंलागाई-स्वतन्त्र उम्मेदवार
१७. प्रमिलाकुमारी खतिवडा-स्वतन्त्र उम्मेदवार
१८. मठु पुलामी मगर-स्वतन्त्र उम्मेदवार
१९. राकेशकुमार शर्मा-स्वतन्त्र उम्मेदवार
२०. राजकुमार खड्का-स्वतन्त्र उम्मेदवार
२१. राजाराम बोगटी-स्वतन्त्र उम्मेदवार
२२. शिला सुवेदी-स्वतन्त्र उम्मेदवार
२३. ज्ञानसागर लामा-स्वतन्त्र उम्मेदवार

*स्रोतः निर्वाचन कार्यालय मकवानपुर*

## जाडोबाट जेष्ठ नागरिक र बालबालिकाको सुरक्षा

**प्रमुख सावधानीहरू**
१. न्यानो कपडा, टोपी, पञ्जा, मोजा अनिवार्य गरौं ।
२. घाम ताप्ने, हल्का व्यायम गर्ने बानी बसालौं ।
३. अत्याधिक चिसोमा बिहान साँझ बाहिर ननिस्कौं ।
४. भिजेका कपडा तुरुन्तै फेरेर सरिर सुकाऔं ।
जेष्ठ नागरिकका लागि बिशेष ध्यान
१. लामो समय चिसोमा बस्न नदिनुहोस् ।
२. नियमित औषधी समयमा सेवन भएको सुनिश्चित गर्नुहोस् ।
३. बढी चिसो वा ज्वरो आएमा स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस् ।
४. तातोपानी, झोलिलो खाना, न्यानो बसोबासको व्यवस्था गर्नुहोस् ।
**बालबालिकालाई जोगाउने तरिका**
१. न्यानो र सफा कपडा लगाइदिनुहोस् ।
२. नवजात शिशुको बिषेश सुरक्षा, चिसो हावा सिधै लाग्न नदिने व्यवस्था ।
३. तातो पोचिलो खाना र पर्याप्त तातोपानी खान दिनुहोस् ।
४. खोकी, ज्वरो वा सास फेर्न गाह्रो भएमा तुरुन्त स्वास्थ्यकर्मीलाई सम्पर्क गर्नुहोस् ।
**घरभित्र ध्यान दिनुपर्ने कुराहरू**
१. न्यानो र हावा पास हुने व्यवस्था मिलाउनुहोस् ।
२. हिटर अंगिठी सुरक्षित प्रयोग गर्नुहोस् ।
३. धुवा धुलोबाट जोगाउने उपाय अपनाऔं ।
**आपतकालिन अवस्था**
१. शरिर अत्याधिक चिसो हुनु, ज्वरो नझर्नु, सास फेर्न गाह्रो हुने, बेहोस जस्तो हुने देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस् ।

हेटौंडा उपमहानगरपालिका
०८ नं. वडा कार्यालय
हेटौंडा, मकवानपुर



सम्पर्कः
९८०२५३२३६८
०५७-५२३८७७
०५७-५२६१९१
HOTEL SURYANSH
Hetauda-10, T.C.N Road
OUR FACILITIES :
• Luxury Room
• Beautyful View
• Healthy Food's
• Parking
• Restaurant & Bar
• Budget Friendly
THE BEST WAY TO ENJOY YOUR HOLIDAY

विशेष पोष्ट
www.bisheshpost.com हरेक समाचार विशेष

## जाडोबाट जेष्ठ नागरिक र बालबालिकाको सुरक्षा

**प्रमुख सावधानीहरू**
१. न्यानो कपडा, टोपी, पञ्जा, मोजा अनिवार्य गरौं ।
२. घाम ताप्ने, हल्का व्यायम गर्ने बानी बसालौं ।
३. अत्याधिक चिसोमा बिहान साँझ बाहिर ननिस्कौं ।
४. भिजेका कपडा तुरुन्तै फेरेर सरिर सुकाऔं ।
जेष्ठ नागरिकका लागि बिशेष ध्यान
१. लामो समय चिसोमा बस्न नदिनुहोस् ।
२. नियमित औषधी समयमा सेवन भएको सुनिश्चित गर्नुहोस् ।
३. बढी चिसो वा ज्वरो आएमा स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस् ।
४. तातोपानी, झोलिलो खाना, न्यानो बसोबासको व्यवस्था गर्नुहोस् ।
**बालबालिकालाई जोगाउने तरिका**
१. न्यानो र सफा कपडा लगाइदिनुहोस् ।
२. नवजात शिशुको बिषेश सुरक्षा, चिसो हावा सिधै लाग्न नदिने व्यवस्था ।
३. तातो पोचिलो खाना र पर्याप्त तातोपानी खान दिनुहोस् ।
४. खोकी, ज्वरो वा सास फेर्न गाह्रो भएमा तुरुन्त स्वास्थ्यकर्मीलाई सम्पर्क गर्नुहोस् ।
**घरभित्र ध्यान दिनुपर्ने कुराहरू**
१. न्यानो र हावा पास हुने व्यवस्था मिलाउनुहोस् ।
२. हिटर अंगिठी सुरक्षित प्रयोग गर्नुहोस् ।
३. धुवा धुलोबाट जोगाउने उपाय अपनाऔं ।
**आपतकालिन अवस्था**
१. शरिर अत्याधिक चिसो हुनु, ज्वरो नझर्नु, सास फेर्न गाह्रो हुने, बेहोस जस्तो हुने देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस् ।

हेटौंडा उपमहानगरपालिका
०४ नं. वडा कार्यालय
हेटौंडा, मकवानपुर

## जाडोबाट जेष्ठ नागरिक र बालबालिकाको सुरक्षा

**प्रमुख सावधानीहरू**
१. न्यानो कपडा, टोपी, पञ्जा, मोजा अनिवार्य गरौं ।
२. घाम ताप्ने, हल्का व्यायम गर्ने बानी बसालौं ।
३. अत्याधिक चिसोमा बिहान साँझ बाहिर ननिस्कौं ।
४. भिजेका कपडा तुरुन्तै फेरेर सरिर सुकाऔं ।
जेष्ठ नागरिकका लागि बिशेष ध्यान
१. लामो समय चिसोमा बस्न नदिनुहोस् ।
२. नियमित औषधी समयमा सेवन भएको सुनिश्चित गर्नुहोस् ।
३. बढी चिसो वा ज्वरो आएमा स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस् ।
४. तातोपानी, झोलिलो खाना, न्यानो बसोबासको व्यवस्था गर्नुहोस् ।
**बालबालिकालाई जोगाउने तरिका**
१. न्यानो र सफा कपडा लगाइदिनुहोस् ।
२. नवजात शिशुको बिषेश सुरक्षा, चिसो हावा सिधै लाग्न नदिने व्यवस्था ।
३. तातो पोचिलो खाना र पर्याप्त तातोपानी खान दिनुहोस् ।
४. खोकी, ज्वरो वा सास फेर्न गाह्रो भएमा तुरुन्त स्वास्थ्यकर्मीलाई सम्पर्क गर्नुहोस् ।
**घरभित्र ध्यान दिनुपर्ने कुराहरू**
१. न्यानो र हावा पास हुने व्यवस्था मिलाउनुहोस् ।
२. हिटर अंगिठी सुरक्षित प्रयोग गर्नुहोस् ।
३. धुवा धुलोबाट जोगाउने उपाय अपनाऔं ।
**आपतकालिन अवस्था**
१. शरिर अत्याधिक चिसो हुनु, ज्वरो नझर्नु, सास फेर्न गाह्रो हुने, बेहोस जस्तो हुने देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस् ।

हेटौंडा उपमहानगरपालिका
०९ नं. वडा कार्यालय
हेटौंडा, मकवानपुर

# 'डाक्टरको जागिर छाडेर उम्मेदवार'



बागीभूगोल संवाददाता
हेटौंडा

मकवानपुरको राक्सिराङ-९ का डा. प्रवीण स्याङ्तान दन्तचिकित्सकको जागिर छोडेर राजनीतिमा होमिएका छन् । उनी उज्यालो नेपाल पार्टीबाट मकवानपुर-२ मा उम्मेदवार भएका छन् ।

पश्चिम मकवानपुरका अलावा उत्तरी मकवानपुरका वडाबस्तीमा पुगेर डा. स्याङ्तान चुनावी प्रचारमा सरिक भएका छन् । राजनीतिमा युवा हस्तक्षेपमा उनी सशक्तसँग प्रस्तुत भएका छन् ।

बागीभूगोल
THE BAGEE BHOOGOL WEEKLY
मा जोडिनुहोस्

*समाचार लेख्न सिक्न चाहनुहुन्छ ? गाउँका विषयवस्तुलाई समाचार र भिडियोको माध्यमबाट जनतामा पु¥याउन चाहनुहुन्छ ? स्पष्ट बोल्न र लेख्न खोज्दै हुनुहुन्छ तर मौका पाइरहनु भएको छैन ? यदि यस्तो हो भने हामी तपाईंलाई अवसर दिनेछौं ।*

सम्पर्क :
९८०२०७५८५३,
९८५५०६८१६८,
९७६३७७९१५२

## हाम्रा सुविधाहरु

हरेक कोठामा एटेज बाथरुम ।
फ्रि वाईफाई, पार्किङ, सामान राख्ने सुविधा साथै सफा र पारिवारिक वातावरण, पिकअपको व्यवस्था साथै खाना र बस्नको व्यवस्था ।




## सपना जस्तै दृश्य अब स्पष्ट नजरले देख्नुहोस्

सम्पूर्ण आँखाको परीक्षण, लेन्स सनग्लास सबै एकै ठाउँमा

EYE OPTIC
BEST PLACE FOR BEST VISION
'BEST PLACE FOR BEST VISION'




९८५५०७२४३९
हेटौंडा-१० टि.सि.एन. रोड
आँखा हस्पिटल अगाडी

९८४५०११८३९
हेटौंडा-४ स्कुल रोड
मकवानपुर सहकारी भवन

## राक्सिराङ गाउँपालिकाको अनुरोध

१. व्यक्तिगत घटनादर्ता (जन्म, मृत्यु, विवाह, बसाइँसराइँ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।
२. समयमै कर तिरौं, सभ्य नागरिकको परिचय दिऔं ।
३. बालश्रम, बाल विवाह रोकौं ।
४. बालबालिकाको पालन पोषण र शिक्षामा लगानी गरौं ।
५. खानेपानीका मुहान, संरचनाहरू सफा र सुरक्षित राखौं ।
६. घरेलु हिंसाविरूद्ध डटेर लडौं, सभ्य समाज निर्माणमा सहयोग पुर्‍याऔं ।
७. आ-आफ्नो घर वरिपरि आफैं सफा सुग्घर गरौं ।
८. स्वच्छ र शान्त वातावरण कायम गरौं ।
९. स्वास्थ्य संस्थामा बच्चालाई लगेर समयमै नियमित रूपमा लगाउनु पर्ने खोपहरू लगाई बाल मृत्युदर घटाऔं ।
१०. विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं ।

राक्सिराङ गाउँपालिकाको कार्यालय
चैनपुर, मकवानपुर

# 'हेटौंडा भत्काउनु हुन्थेन'

बागीभूगोल संवाददाता
हेटौंडा

मकवानपुर-१ मा श्रम संस्कृति पार्टीबाट उम्मेदवार भएकी विद्या श्रेष्ठले हेटौंडा भत्काउने काम शासकहरुको गम्भीर अपराध भएको बताएकी छन् । उनले भनिन्, 'हेटौंडा नेपाल मण्डलकै शाखा बस्ती हो र यहाँको अधिकार यहाँका जनजाति र अन्य समुदायको हो ।' उनले कानुनी मान्यताहरु मिचेर शासकहरुले जनताको सम्पत्ति नष्ट गरेको बताइन् । उनी चुनावी प्रचार अभियानमा वडाबस्तीमा पुगिरहेकी छिन् ।

## झोलामा प्रिन्ट गर्नु छ ?

अफिस, कार्यालय, पसलका लागि आवश्यकता अनुसारका विभिन्न आकारका प्रिन्टेड झोला चाहिएमा हामीलाई सम्झनुहोला । हामी तपाईंको रोजाइका रंगका झोलामा तपाईंकै अफिस, कम्पनी, पसलको सन्देशात्मक विवरण र लोगो राखेर प्रिन्ट गरेर सुपथ मूल्यमा उपलब्ध गराउनेछौं ।




सम्पर्क: ९७६३७७९१५२, ९८५५०८८३५४, ९८०२०७५८५३

## जाडोबाट जेष्ठ नागरिक र बालबालिकाको सुरक्षा

**प्रमुख सावधानीहरू**
१. न्यानो कपडा, टोपी, पञ्जा, मोजा अनिवार्य गरौं ।
२. घाम ताप्ने, हल्का व्यायम गर्ने बानी बसालौं ।
३. अत्याधिक चिसोमा बिहान साँझ बाहिर ननिस्कौं ।
४. भिजेका कपडा तुरुन्तै फेरेर सरिर सुकाऔं ।

जेष्ठ नागरिककालागि बिशेष ध्यान
१. लामो समय चिसोमा बस्न नदिनुहोस् ।
२. नियमित औषधी समयमा सेवन भएको सुनिश्चित गर्नुहोस् ।
३. बढी चिसो वा ज्वरो आएमा स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस् ।
४. तातोपानी, झोलिलो खाना, न्यानो बसोबासको व्यवस्था गर्नुहोस् ।

**बालबालिकालाई जोगाउने तरिका**
१. न्यानो र सफा कपडा लगाइदिनुहोस् ।
२. नवजात शिशुको बिषेश सुरक्षा, चिसो हावा सिधै लाग्न नदिने व्यवस्था ।
३. तातो पोचिलो खाना र पर्याप्त तातोपानी खान दिनुहोस् ।
४. खोकी, ज्वरो वा सास फेर्न गाह्रो भएमा तुरुन्त स्वास्थ्यकर्मीलाई सम्पर्क गर्नुहोस् ।

**घरभित्र ध्यान दिनुपर्ने कुराहरू**
१. न्यानो र हावा पास हुने व्यवस्था मिलाउनुहोस् ।
२. हिटर अंगिठी सुरक्षित प्रयोग गर्नुहोस् ।
३. धुवा धुलोबाट जोगाउने उपाय अपनाऔं ।

**आपतकालिन अवस्था**
१. शरिर अत्याधिक चिसो हुनु, ज्वरो नझर्नु, सास फेर्न गाह्रो हुने, बेहोस जस्तो हुने देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस् ।

हेटौंडा उपमहानगरपालिका
०५ नं. वडा कार्यालय
हेटौंडा, मकवानपुर

## भीमफेदी गाउँपालिकाको अनुरोध

१. व्यक्तिगत घटनादर्ता (जन्म, मृत्यु, विवाह, बसाइँसराइँ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।
२. समयमै कर तिरौं, सभ्य नागरिकको परिचय दिऔं ।
३. बालश्रम, बाल विवाह रोकौं ।f
४. बालबालिकाको पालन पोषण र शिक्षामा लगानी गरौं ।
५. खानेपानीका मुहान, संरचनाहरू सफा र सुरक्षित राखौं ।
६. घरेलु हिंसाविरूद्ध डटेर लडौं, सभ्य समाज निर्माणमा सहयोग पुर्‍याऔं ।
७. आ-आफ्नो घर वरिपरि आफैं सफा सुग्घर गरौं ।
८. स्वच्छ र शान्त वातावरण कायम गरौं ।
९. स्वास्थ्य संस्थामा बच्चालाई लगेर समयमै नियमित रूपमा लगाउनु पर्ने खोपहरू लगाई बाल मृत्युदर घटाऔं ।
१०. विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं ।

भीमफेदी गाउँपालिकाको कार्यालय
भीमफेदी, मकवानपुर

## मनहरी गाउँपालिकाको अनुरोध

१. व्यक्तिगत घटनादर्ता (जन्म, मृत्यु, विवाह, बसाइँसराइँ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।
२. समयमै कर तिरौं, सभ्य नागरिकको परिचय दिऔं ।
३. बालश्रम, बाल विवाह रोकौं ।
४. बालबालिकाको पालन पोषण र शिक्षामा लगानी गरौं ।
५. खानेपानीका मुहान, संरचनाहरू सफा र सुरक्षित राखौं ।
६. घरेलु हिंसाविरूद्ध डटेर लडौं, सभ्य समाज निर्माणमा सहयोग पुर्‍याऔं ।
७. आ-आफ्नो घर वरिपरि आफैं सफा सुग्घर गरौं ।
८. स्वच्छ र शान्त वातावरण कायम गरौं ।
९. स्वास्थ्य संस्थामा बच्चालाई लगेर समयमै नियमित रूपमा लगाउनु पर्ने खोपहरू लगाई बाल मृत्युदर घटाऔं ।
१०. विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं ।

मनहरी गाउँपालिकाको कार्यालय
रजैया, मकवानपुर

# मकवानपुर-१, यसपटक कसको पल्ला भारी ?

बागीभूगोल संवाददाता
हेटौँडा ।

मकवानपुर निर्वाचन क्षेत्र नम्बर-१ मा नेकपा एमालेले केन्द्रीय सदस्य एवम् मकवानपुर इन्चार्ज रामेश्वर राना मगरलाई उम्मेदवार बनाएको छ । मकवानपुर-१ मा नेपाली कांग्रेसले २०४८ सालदेखि मकवानपुरमा उम्मेदवार भइरहेकी २०७९ कै गठबन्धन उम्मेदवार महालक्ष्मी उपाध्यक्ष डिनालाई उतारेको छ।

यस्तै, राप्रपाले निवर्तमान सांसद दीपकबहादुर सिंहलाई उठाएको छ। यहाँ नेपाली कम्युनिष्ट पार्टी (नेकपा)ले युवा उम्मेदवार विजय गौतमलाई उठाएको छ। यसपटक प्रगतिशील लोकतान्त्रिक पार्टीले रमेश उप्रेती तेज, उज्यालो नेपाल पार्टीले सुरेन्द्र लामा र राष्ट्रिय स्वतन्त्र पार्टीले प्रकाश गौतम र श्रम संस्कृति पार्टीले विद्या श्रेष्ठलाई उठाएको छ। यहाँ २३ जना उम्मेदवार छन् । यी मध्ये एउटै भूगोलमा लगातार दोहोरिएका उम्मेदवारमा दीपक बहादुर सिंह र डिना हुन् भने मकवानपुर-२ मा उम्मेदवार भइसकेका राना चैं पहिलोपटक मकवानपुर-१ मा उत्रिएका हुन्।

राना, जिविस मकवानपुरका पूर्वसभापति हुन्। उनको राजनीतिक उचाइलाई नजिकबाट नियाल्नेहरु इमान्दार, कर्मठ सादगी नेता मान्छन्। २०५४ सालमा जिल्ला विकास समिति मकवानपुरको सभापति निर्वाचित हुँदा रानाले गरेका काम जनतामा स्थापित छन्। २०६४ को निर्वाचनमा संसदीय चुनाव लडेका राना पराजित भएका थिए। त्यस यता उनले २ पटक सिफारिसमा परेर पनि चुनावमा जान पाएनन्। नेकपा माओवादीसँग एकता हुँदा उनले चुनाव लड्ने अवसर पाएनन्। २०७९ को निर्वाचनमा चैं रानाको नाम सिफारिस हुँदा सूर्य चिन्हबाट कमल थापालाई एमालेले अघि सारेपछि उम्मेदवार हुन रोकिए।

२०३६ को आन्दोलनबाट प्रभावित भएर २०३७ सालमा अनेरास्ववियु त्रिभुवन माविको प्रारम्भिक कमिटीबाट राजनीतिक यात्रा सुरु गरेका राना २०३८ मा अखिलको जिल्ला कमिटी उपाध्यक्ष हुँदै जिल्ला कमिटी अध्यक्ष बनेका थिए। २०४२ सालमा अनेरास्ववियुको केन्द्रीय सदस्य बनेका राना पार्टीको शाखा कमिटी हेटौँडा नगर कमिटी हुँदै जिल्ला कमिटी सदस्य भए।


२०५१ मा एमाले मकवानपुर सचिव भए। ३ कार्यकाल एमाले मकवानपुरको नेतृत्व गरेको अनुभवी नेता राना बागमती प्रदेश कमिटी सदस्य हुँदै ४ कार्यकाल एमाले केन्द्रीय सदस्यका रुपमा सक्रिय छन्।

२०४९ सालमा हेटौँडा नगरपालिका ११ नम्बर वडा अध्यक्षमा निर्वाचित राना २०५४ मा जिविस सभापति हुँदा

बाँकी पृष्ठ ५ मा........




हाम्रो दाजुभाइ फ्रेस मिट सप
हेटौंडा-४, शितलमहल चोक ☎ ९८१५५२४८४७/९७०२०२३३०३



यहाँ बंगुर, कुखुराको ताजा तथा सफा मासु होलसेल मुल्यमा पाउनुका साथै होम डेलिभरी पनि गरिन्छ ।
सान्ता एग्रो फार्म प्रा. लिमिटेड हेटौंडा-१२
☎ ९८०२९६९१४८ यहाँ बंगुरको बच्चा र कुखुराको चल्ला पाईन्छ ।

मनहरीदेखि काठमाडौं जान र आउन हामीलाई सम्झनुहोस्



पश्चिम मकवानपुरको लोथर, नयाँ रमौली-प्रतापुर, रमनटार, बिजौना मनहरी हुँदै रजैया, हाँडीखोला, डिल्लीपुर, गोलघर, भुन्द्रुङटाँडी, मसिने, नेवारपानी, हेटौंडा हुँदै काठमाडौं पुग्न र काठमाडौंबाट दिउँसो नै फर्कनका लागि हामीलाई सम्झनुहोस् ।

सम्पर्कः
९८४५३६९९७१ (थापा काजी),
९८६५०१३४२८ (मनोज नेपाल)

## हार्दिक बधाई
तथा शुभकामना



राक्सिराङ गाउँपालिका कार्यालय भवनका लागि जग्गा उपलब्ध गराएबापत गाउँपालिकाले बाबुराम थिङ, ठाकुरराम थिङ, काजीराम थिङ, गोपीराम थिङ, विरोध थिङ (बुद्धि)लाई सम्मान गरेको छ । उहाँहरुको यो पुण्यकामको प्रशंसासहित हार्दिक बधाई ज्ञापन गर्दछौं ।

कमल मुक्तान, सन्देशा मुक्तान, अंगत लामा, रमेश प्रजा, चन्द्रमान प्रजा, थलबहादुर थापा (सन्तोष), उत्तम वाइबा, रामकुमार एलन, सौगन लामा र साथीहरू

◆प्रकाशकः रश्मिला घिमिरे, बागीभूगोल मिडिया नेटवर्क, राक्सिराङ-३, मकवानपुर, बागमती प्रदेश, नेपाल ◆सम्पर्क फोनः ९७६३७७९१५२, ◆इमेल:bageebhoogol@jyarlak.com
◆वेबसाइटः www.jyarlak.com◆कर्पोरेट कार्यालयः हेटौँडा-१०, मकवानपुर, फोन ९८५५०६८१६८ ◆इमेल:bageebhoogol@gmail.com, ◆सल्लाहकारः बनस्तम थिङ, टंक मुक्तान, रामकुमार एलन
◆मुद्रकः सप्तर्षि पब्लिकेशन, काठमाडौँ ◆निर्देशकः राजकुमार घिमिरे, ◆संवाददाताः राजु सुनार ◆सहसम्पादकः रुद्र तिमल्सिना ◆कार्यकारी सम्पादकः मदन जङ्ग गम्भीर ◆सम्पादकः सान्नानी श्रेष्ठ